# अध्याय : एक

# (CHAPTER : ONE)

# १.परिचय (Introduction)

## १.१ अध्ययनको पृष्ठभूमि (Background Of The Study)

धर्तीलाइ माता, जननी भनि परापूर्वकालदेखी पुजिदै आएको नेपालमा महिला शक्तिको महिमा अनन्त छ । पौराणिक कालदेखि मनाउँदै आएको विभिन्न पुजाआजामा समेत शक्तिमाताको स्थान अग्रणी सीता, तारा, भृकुटी नारी शक्तिका उदाहरणहरु हुन पौराणिक समयमा पनि नारी शक्तिको महिमा अनन्त रहेको कुरा विभिन्न वेद, पुराण स्तुति,काव्य, महाकाव्यमा समेत वर्णित रहेको ज्ञान नै छ (पौडेल,२०६२) ।

शास्त्रीय मान्यता अनुसार नारीलाइ आधा शक्ति, आधा प्रकृति,विराट रुपिणी,सर्वमाता ,सर्व पुज्य जगत् व्यापिनी सृष्टिस्थित्यन्त करिणिको रुपमा कम्याएको देखिन्छ । आमा, छोरी, श्रिमति,बुहारि ,सखिको रुपमा नारी शक्तिलाई सम्माणित रुपमा,पूजित एवं प्रतिष्ठित बनाउदै नव जागृत ल्याएर शक्ति,शान्ति र समृद्धियूक्त राष्ट्रको निर्माण गर्न सकिन्छ भन्ने उच्च सन्देशहरु ह्मा पूर्विय ऋषीमुनिहरुको प्रशस्त दिएका छन् (कोइराला,२०६७) ।

सामान्यतया महिला सशीक्तकरण भन्नाले महिलाहरु राजनैतिक आर्थिक सामाजिक कानुनी व्यक्तिगत तथा समुहगत संस्थागत शैक्षिक रोजगारी स्वस्थ्य जमिन धनसम्पति आदि क्षेत्रहरुमा सामानता र महिला हिंसाको उन्नमुलन सर्वाङ्गिण विकास र स्वतन्त्रता जस्ता पक्षहरुको अनुभव दिलाउन सक्नु हो भन्ने बुझिन्छ ।जसबाट महिलाहरुले आफ्ना व्यक्तित्व विकास निर्माण गर्न सक्ने क्षमताको विकास आत्मियता एवम् आत्माविश्वास सामाजिक प्रतिष्ठा रोजगारीमा अग्रसर आय आर्जनमा अग्रसरता आफ्नो स्वास्थ्यको अधिकार आदि सेवा सुविधाको उपयोग गर्नपाएमा पक्कै पनि उनिहरुको सर्वाङ्गण विकास हुन्छ ।यसले देशको आर्थिक विकासमा पनि प्राव पार्ने कुरामा दुई मत छैन ( राष्ट्रिय महिला आयोग, २०६६) ।

सशक्तिकरण एउटा यसतो प्रकृया हो । जसले व्यक्ति तथा समाजमा रोजाइ निर्माण गर्न सक्ने क्षमताको विकास गराउँदछ । सशक्तिकरणको अन्तिम लक्ष्य भनेको व्यक्तित्व विकास हो,जसमा आत्माविश्वास बढाउन,सामाजिक अन्तरकृया, स्रोत साधनको बाँडफाँडमा निर्णय गर्ने अधिकार,कुनपेशा अवलम्बन गर्न र कसरी जिबनयापन गर्ने, जस्ता विषयमा पर्याप्त

छनौटको अवसरहरु उपलब्ध हुनुपर्ने जस्ता कुराहरु समाविस्ट हुन्छन् । साँचो अर्थमा महिला सशक्तिकरण भनेको महिलाहरुको पहिचानको खोजिगर्नु, उनिहरुलाइ आत्मनिर्भर बनाउनु र राजनैतिक कृयाकलापमा महिला सहभागिता बढाँउनु नै हो । आर्थिक, सामाजिक, राजनैतिक कृयाकलापमा महिला सहभागिता बढाउनु उनिहरुको आन्तरिक क्षमताको उजागरण गर्नु, स्वरोजगार सिर्जना ऋण सुविधा उत्पादित वस्तुको बजारमा पहुँच र जोखिम मोल्न सक्ने खुविको विकास जस्ता विषयहरु महिला विकास सशक्तिकरणका प्रमुख विषयहरु हुन् जुन व्यतिगत प्रयासवाट प्रायः असम्भव छ,यसका लागि राजनितिक दल,सरकार र नागरिक समाजको सहयोग तथा स्वय महिलाहरुको सकृय सहभागिताको खाँचो पर्दछ (नेपाल,२०६७)

महिलाको उत्थान र पहिचानको लागी विश्वब्यापी रुपमा आवाज उठिरहेको वेला नेपालमा सर्वप्रथम छैटौ योजना  अवधिमा विकास कार्यमा महिला वर्गको सहभागिता अभिवृद्धि गर्ने गरी राष्ट्रिय निति तर्जुमा भएको पाइन्छ, यस्तै सातौ र आठौ योजनामा पनि विकासमा महिला सहभागिता बढाउने उनीहरुको आर्थिक सामाजिक स्तर उकास्ने उद्देश्यले नितिहरु तर्जुमा गरिएको थियो । नवौ र दशौ योजनामा पनि महिला विकासका कार्यहरु भएका छन् । त्रिवर्षीय योजना (२०६७/६८-२०६९/७०) मा महिलाहरुलाइ मुलप्रवाहिकरण ल्याउने वारेमा ब्यवस्था भएको पाइन्छ (भट्टराइ २०६८) ।

नेपालको सम्बिधान, २०७२, भाग ३ को धारा १३ अन्तर्गत उपधारा ३ मा राज्यले नागरिकहरुका विच धर्म,वर्ग,जात जाति,लिङ्ग, उत्पत्ति, भाषा वा वैचारिक आस्था वा ति मध्ये कुनै कुराको आधारमा भेदभाव गर्ने छैन । तर महिला, दलित, आदिवासी जनजाति, मधेसी वा किसान मजदुर वा आर्थिक, सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएको वर्ग वा वालक, बृद्व तथा अपाङ्ग वा शारीरिक वा मानसिक रुपमा अशक्त व्यक्तिको संरक्षण, सशक्तिकरण वा विकासको लागी कानूनद्वरा विशेष व्यवस्था गर्न  रोक लगाएको मानिने छैन।(४)समान कामको लागि महिला र पुरुषका बिच पारिश्रमिक तथा सामाजिक सुरक्षामा भेदभाव गरिने छैन(कानुन न्याय तथा संसदीय व्यवस्था मन्त्रालय,२०७२)।

सामाजिक रुपमा राज्यले महिलाको लागि संविधानमानै उल्लेख गरेको छ । भेदभाव रहित समाज बनाउने कुरा उल्लेख गरिएपनि वास्तविक समाजमा यस्तोर अवस्था  पाइदैन । नेपालमा महिलाहरुको पुरुष सरह सवै सम्पतिमा हकअधिकार पाउदैनन्, ज्याला पाउँदा कानूनले भेदभाव गर्नु नपाउने व्यवस्था गरेको भएपनि महिलाहरुको कम श्रम गर्न सक्ने भन्ने आधारमा कम ज्याला पाउने प्रचलन वसेको छ(अधिकारी,२०१२)।

नेपालमा महिला सशक्तिकरणको अवस्था अत्यन्त जटिल रहेको छ । ज्ञान क्षमता र विश्वास हुँदाहुदै पनि समय र सिपको प्रयोग गर्ने अनिच्छाको कारण महिलाहरु पछि परेका छन् । महिला सशक्तिकरण ले महिला हरुको सामाजिक, संस्कृतिक, आर्थिक र राजनैतिक विकासका लागि महिला श-शक्तिकरण ले महत्वपूर्ण भूमिका खेल्दछ । यसको परिणाम स्वरुप एउटा सवल राष्ट्रको निमार्ण गर्ने ढोका खुल्दछ । नेपालि महिला सदियौ देखि बिभिन्न प्रकारका हिंसा तथा भेदभाव पिडित र सामाजिक आर्थिक एवम् राजनैतिक अधिकार वाट बञ्चित हुदै आएका छन् । यस क्रममा बिगत दुइ दशकको सशक्तिकरण प्रयासले तुलनात्मक रुपमा निकै उपलब्धि हासिल भएका छन् । UN WOMEN को यो प्रतिवेदनले नेपाल महिला अधिकारको निउमा नितिगत रुपमा सकारात्मक परिवर्तन ल्याउन सफल बिश्वकै एक उदाहरणीय मुलुक बनाएको छ ( शर्मा, २०६९) ।

मूलुकमा विद्ययमान केहि प्रविधिहरुले झिनो रुपमा भएपनि सकारात्मक छन् । बढ्दो साक्षरताले गर्दा अलि कम बच्चा जन्माउने, विवाह गर्दा अलि बढ्दो उमेरमा गर्ने बढ्दो राजनितिकरण आदि महिला श-सक्तिकरणमा सकारात्मक योगदान पुर्याउन सक्नेखालका प्रवृतिहरु हुन् ।महिलाहरुले नेतृत्व लिएको मदिरा विरोधि आन्दोलन, पैतृक अशं सम्वन्धि आन्दोलन र परिवर्तन चाहने बिभिन्न महिला समुदायहरुल पनि महिला स्वास्थ्यको उपयोग र विकासको लागि सकारात्मक योगदान पुर्याइरहेका छन् (खनाल २०६६) ।

नेपालको संबिधान २०७२ भाग ३ को मौलिक हक र कर्तब्य अन्तरगत धारा ३८ महिलाको हक :(१) प्रत्यक महिलालाई लैङगीक भेदभाब बिना समान बंशीय हक हुनेछ । (२) प्रत्येक महिलालाई सुरक्षीत मातृत्व प्रजन्न र स्वास्थय सम्बन्धि हक हुनेछ । (३) महिला बिरुद्व धार्मिक ,सामाजीक ,सांस्कृतिक परम्परा प्रचलन वा अन्य कुनै आधारमा शारीरीक,मानसीक,यौनजन्य, मनोबैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण गरीनेत्यस्तो छैन। कार्य कानुन बमोजीम दण्डनीय हुनेछ र पिडीतलाई कानुन बमोजीम क्षतीपूर्ति पाउने हक हुनेछ ।(४) राज्यका सबै निकायमा महिलालाई समानुपातिक समाबेशी सिद्वान्तको अधारमा सहभागी हुने हक हुनेछ ।(५) महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारि र सामाजिक सुक्षामा सकरात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हक हुनेछ । (६)सम्पत्ति तथा पारिवाकि मामिलामा दम्पतिको समान हक हुनेछ ( नेपाल सरकार, २०७२) ।

महिला र पुरुषको काम गर्ने समयको अनुपात हेर्दा घर भित्रको कृयाकलापमा महिलाको २५.१ घण्टा र पुरुषको ९.७ घण्टा रहेको छ भने घर वाहिरको कृयाकलापमा महिलाको ३६.३ घण्टा र पुरुषको ४२.६ घण्टा रहेको छ । त्यसैगरि कुल कार्य समय महिला १०३.९ घण्टा र पुरुषको ९८.९ घण्टा रहेको छ (राष्टिय योजना आयोग,२०६८) ।

महिला सशक्तिकरणले सामाजिक, आर्थिक तथा शैक्षिक  विकासमा महत्वपुण योगदान पुर्याएपनि उक्त योगदानमा व्यक्ति, समाज,राष्ट्र र समग्र विश्व सम्बेदनशिल हुन नसकेजस्तो देखिन्छ । महिलाको योगदानलाई मूल्याङ्कन नगरिकन उनिहरुको भूमिका सहयोग,क्षमतालाई नवुझिकन समग्र संसारको विकास असम्भव छ । नेपालमा महिलाका क्षेत्रमा काम गर्ने निकैनै संघ संसथाहरु छन् । सरकारी,गैर सरकारी,अन्तराष्ट्रिय गैर सरकारी, संस्थाहरुले नेपालि महिलाहरुको आर्थिक सामाजिक विकास लागि निकै थप समय र पैसा खर्च गरे पनि त्यति प्रभावकारि हुन सकेको देखिदैन । महिलाहरुको क्षमता, कार्यशैलि,निर्णयमा पहूँच छैन । वास्तवमा भन्ने हो भने नेपालि महिलाहरु सामाजिक,आर्थिक,शैक्षिक सांस्कृतिक,राजनैतिक,पारिवारिक रुपमा पनि दोस्रो दर्जाको नागरिकबाट माथि उठ्न सकेको देखिदैन । यसै कुरालाई मध्यनजर राख्दै म यो अध्ययन झापा जिल्ला को कचनकवल गाउँपालिकाको  वडा नं. ६ मा रहेका महिलाहरको सशक्तिकरणले उनिहरुको सामाजिक, आर्थिक र शैक्षिक क्षेत्रमा पुर्याएको योगदानको बारेमा अध्ययन गर्ने कोसिस गर्दछु । सके सम्म यथार्थ विश्वासनिय र भरपर्दो रुपले धेरै विषयहरुलाई समेटी यस अनुसन्धानको प्रस्तावनामा नेपालको सुदुर पुर्व झापा जिल्ला कचनकवल गाउँपालिका वडा नं.६ मा रहेका महिला हरुको सशक्तिकरणले उनिहरुको आर्थिक, सामाजिक तथा शैक्षिक क्षेत्रमा पारेको प्रभावलाइ समेट्ने प्रयास गरेको छु ।

## १.२ समस्याको कथन (Statement of the Problem)

शिक्षा, चेतनाको अभाव, आर्थिक विपन्नता, सामाजिक पछौटेपन राजनितिक चेतनाको अभाव,महिलालाई दोस्रो दर्जाको नागरिकको रुपमा हेरिने सामाजिक संरचना, निर्णय र पहूँच विहिनताको अवस्था छोरा र छोरीको विभेद आदि जस्ता कुसंस्कार अर्को नेपाली समाजमा विद्यमान छ । जीवन भरिकै ३ चौथाई भाग महिलाहरुले घर परिवार,छोरा छोरी र पुरुष जातिका लागि खर्च गर्दछन् तर पनि काम नभएका पुरुषका बोझको रुपमा मात्र हेरेको देखिन्छ । सानो उमेरमा बाबुको नियन्त्रण,विवाह पछि पतिको नियन्त्रण र बृद्ध अवस्थामा

छोराको निरीक्षणमा बाच्नुपर्ने बाध्यता जसले पुरुष सर्वेसर्वा र महिला निरिह पात्रको रुपमा बन्न पुगेको छन् ।

नेपाली चेलिहरुमाथि पुरुषहरुले मात्र हिंसा घटाउँदैनन् । महिलाका लागि महिलाहरु पनि हिंसाका पीडक सुन्न र देख्न पाइन्छ । महिलामाथि हुने शारीरिक कुटपिट, लछारपछार,काटमार लगायतका शारीरिक हिंसा र गालिगलैज, बोक्सीको आरोप, डर त्रास दिने, खान, लाउन,औषधोपचार र मनोरञ्जनवाट वञ्चित गर्ने सम्मका मानसिक हिंसाहरु हुने गरेको परिस्थितिमा यसलाइ रोक्नु सरकारी प्रयास मात्र सम्भव हुँदैन । प्रत्येकको मनमस्तिस्कमा सकारात्मक सोचको विकास र हिंसा विरोधी व्यवहारले मात्र सम्भव हुन्छ सरकारी नीती नियमलाई कागजमा मात्र सिमित हुन नदिई प्रत्येकले व्यवहारमा उतारेको खण्डमा कम हुदै यसको अन्त्य पनि हुन्छ । नेपालमा महिला माथि हुने सबै प्रकारका हिंसाहरुलाई रोक्ने कानुनी व्यवस्था हुदाहुदै पनि निम्न लिखित कारण बाट घरेलु हिंसा हुने गरेको देखिन्छ ।

क. दाइजो कम ल्याउनुका कारण

ख.लोग्ने,सासु ससुराको इच्छा पुरा गर्न नसकेका कारण

ग. वोक्सी आरोपको कारण

घ. प्रेममा फस्नाका कारण

ङ. एकल जिवन व्यतित गर्नपर्नाका कारण

च. समाजमा उच्छृंखल व्यक्तिको व्यभिचारी व्यवहारका कारण

छ. महिलामैत्री नहूने । आदि

मथि उल्लिखित लगायतका यी र यस्तै कारणहरु बाट महिलाहरु पीडित बन्न पुगेको कुरा महिला हिंसा अन्त्य गर्न गठित संघसंस्थाहरुले औल्याएका छन् (पौडेल २०७१) ।

महिलाको क्षेत्रमा काम गर्ने धेरै संघसंस्थाहरु उम्रिएका छन् तर सशक्त भन्दा वढि अशक्त महिलाहरुको संख्या वढि देखिन्छ । धर्म, परम्परा,संस्कार रीतिरीवाजले महिलालाई यसरि वाधेको छ कि कुनै गाँठो सहजै खोल्न सकिदैन र पुरुषको सहयोगको अभाव टड्कारो देखिन्छ । जनसङ्ख्याको हिसावले ५१ प्रतिशत भन्दा वढि हिस्सा ओगटेको महिलाहरु आर्थिक

कृयाकलापमा न्यून सहभागिता छ ।घरभित्रका काम जसको मूल्य तोकिएको छैन, कृषि जुन पेशा आफ्नै पेशाको रुपमा लिइएको छैन त्यस्ता क्षेत्रहरु महिलाको लागी छुट्याइएको छ त्यसले आर्थिक विकासमा पुऱ्याएको योगदान मूल्याङकन छैन भएपनि ज्यादै न्यून मात्र छ । २०६३ पछि नेपालमा महिलाका क्षेत्रमा कानूनी रुपमा केहि महत्वपूर्ण कार्य भए पनि कार्यन्वयन सन्तोषजनक छैन जसले कानूनी रुपमा झन विरोधाभाष निम्ताएको देखिन्छ ।

यसरी वास्तविकताको खोजी नगर्दा यसले समग्र अर्थतन्त्रमा असर पार्दछ । त्यसैले यस अध्ययनले अध्ययन क्षेत्रका महिलाहरुसँग सम्बन्धित रहेर निम्न प्रश्नहरुको उत्तरका खोजी गर्ने प्रयास गर्दछ ।

क) यस क्षेत्रको महिलाको सामाजिक र आर्थिक अवस्था कस्तो छ ?

ख) महिला सशक्तिकरणले उनीहरुको आर्थिक क्रियाकलापमा कस्तो प्रभाव पारेको छ ?

ग) पारिवारिक निर्णय तथा पारिवारिक स्रोत र साधनमा उक्त क्षेत्रको महिलाहरुका कस्तो छ ?

घ. अध्ययन क्षेत्रका महिलाहरुको पारिवाकि निर्णयमा कस्तो भूमिका छ ?

ङ. स्वनिर्णय गर्ने अधिकार कति महिलाले प्राप्त गरेको छन् ?

उक्त प्रश्नहरुको खोजी गर्न यस अध्ययनको कथनको रुपमा "महिला सशक्तिकरण तथा त्यसले सामाजिक, आर्थिक तथा शैक्षिक विकासमा पारेको प्रभावको अध्ययन" रहेको छ ।

## १.३ अध्ययनको उद्देश्य(objective of the study)

यस अध्ययनको साधारण उद्देश्य ग्रामिण भेगका महिलाहरुको महिला सशक्तिकरणले उनिहरुको आर्थिक  सामाजिक तथा शैक्षिक क्षेत्रमा पुऱ्याएको योगदान सम्बन्धी अध्ययन गर्नु हो । यस अनुसन्धानका विशिष्ट उद्देश्यहरु निम्न छन् ।

१. अध्ययन क्षेत्रमा महिलाहरुको सामाजिक, आर्थिक, तथा शैक्षिक अवस्था पत्ता लगाउन ।

२. महिला सशक्तिकरण तथा त्यसले सामाजिक आर्थिक तथा शैक्षिक विकासमा पारेको प्रभावको अध्ययन गर्नु ।

३. निर्णय प्रकृयामा महिलाहरुको सहभागिता पत्ता लगाउनु ।

४. कचनकवल गाउँपालिकामा महिला सशक्तिकरणका प्रभाव विश्लेषण गर्नु ।

## १.४ अनुसन्धान प्रश्न ( **Research Question**)

यस अध्ययनले अध्ययन क्षेत्रका महिलाहरुसँग सम्बन्धित रहेर निम्न अनुसन्धान प्रश्नहरुको उत्तर खोजिगर्ने प्रयास गरिएको छ ।

क) यस अध्यन क्षेत्रका महिला हरुको सामाजिक अवस्था कस्तो रहेको छ ?

ख) यस अध्ययन क्षेत्रका महिलाहरुको आर्थिक अवस्था कस्तो रहेको छ ?

ग) यस अध्ययन क्षेत्रका महिलाहरुको शैक्षिक अवस्था कस्तो रहेको छ ?

घ) अध्ययन क्षेत्रमा रहेका महिला सशक्तिकरणले आर्थिक क्षेत्रमा कस्तो प्रभाव पारेको छ ?

ङ) यस अध्ययन क्षेत्रका महिलाहरुको घरायसी पारिवारीक निर्णयमा कस्तो भूमिका छ ?

च) व्यक्ति र पारिवाकि निर्णयमा महिलाहरुको सहभागिता कस्तो रहेको छ ?

जस्ता प्रश्नहरुको उत्तर खोजी गर्ने यस अध्ययनको अनुसनधानात्मक प्रश्नहरु रहेका छन ।

## १.५ अध्ययनको महत्व(**Significance of the Study**)

जनसङ्ख्याको आधाभन्दा वढि हिस्सा ओगटेको महिलाहरुलाई एकातिर छोडेर राज्यको चौथर्फि विकास गर्न कठिन हुन्छ । विकास उन्मूख तथा अविकसित मुलुकका धेरै क्षेत्रहरुमा पुरुषको प्रतिनिधित्व रहेको पाइन्छ । महिला दोस्रो र सहायक रुपमा मात्र रहेको हुन्छन् । यस्तो अवस्थामा महिला हरुको आर्थिक राजनैतिक शैक्षिक सहभागिता कम हुन्छ जहाँ महिला सहभागिता उत्साह जनक हुँदैन त्यस देश र समाजको विकास पनि स्थिर रहन्छ ।

वर्तमान अवस्थामा नेपाली समाजपनि झण्डै त्यस्तै भएकोले यस अध्ययन महत्वपूर्ण रहेको छ । यो अध्ययनले सम्पूर्ण नेपाल भरिको महिलाका अवस्थावारे प्रकास पार्न नसकेता पनि झापा जिल्लाको कचनकवल गाउँ पालिका वडा नं. ६ का महिलाहरुका बारेमा जानकारि लिन सकिन्छ । महिला सशक्तिकरणले महिलाका आर्थिक, सामाजिक तथा शैक्षिक विकासमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा कस्तो प्रभाव पारेको छ भन्ने अध्ययन गर्नको लागि सहयोगि वन्न सक्छ, साथै महिला सशक्तिकरणको क्षेत्रमा काम गर्ने विभिन्न संघ संस्था गैरसरकारी, सरकारी, अन्तराष्ट्रिय गैरसरकारि संस्थाहरको लागि थप सामग्री, महिला क्षेत्रमानै काम गर्ने व्यक्ति, योजनाकार,कानून विद्यहरुको कार्यक्रमलाई अझ प्रभावकारि वनाउन सहयोग वन्न सक्छ । त्यस क्षेत्रको महिलाहरुको सामाजिक, आर्थिक, शैक्षिक अवस्थाको वास्तविकता

नजिकवाट थाहापाउन सक्ने भएकाले अनुसन्धानकर्ता लाई नेपाली महिला जगतको अवस्थाको वारेमा थाहापाउन सजिलो हुन्छ । देशका, जिल्लाका र स्थानिय महिला सरोकारमा काम गर्ने व्यक्तिहरुलाई यो अनुसन्धानले टेवा पुर्याउन सक्छ ।

## १.६ अध्ययनको सीमा ( Limitation of the Study)

अनुसन्धानमा महत्वपूर्ण तर आफैमा जटिल कार्य हो ।आर्थिक रुपमा खर्चिलो समय र श्रम धेरै नै आवश्यक पर्दछ । त्यसकारण महिला विकासले पुर्याएको योगदान शिर्षकको सम्पूर्ण पक्षको अध्ययन गर्न नसकिने कारणले निश्चित क्षेत्र छनौट गर्नु आवश्यक देखिन्छ । त्यसैले उक्त विसय माथि अध्ययन गर्न झापा जिल्लाको कचनकवल गाउँपालिका  वडा नं. ६ का

महिलाहरुमा मात्र सिमित गरिएको छ । यस अनुसन्धानको सिमाहरु निम्नानुसार छन् ।

१.यस अध्ययनमा झापा जिल्ला कचनकवल गाउँपालिकालाई अध्ययनको क्षेत्र  मानिने छ ।

२. यस अध्ययनले झापा जिल्लाको कचनकवल गाउँपालिका वडा नं.६ भित्र बसोवास गर्ने विवाहित महिलाहरुलाई मात्र समेटिनेछ ।

३.यो अध्ययन यस अध्ययन क्षेत्रमा महिलाहरुका सामाजिक,आर्थिक, शैक्षिक अवस्था महिला सशक्तिकरण,निर्णय प्रकृया तथा घरको साधन र स्रोतको पहूँचको अवस्थावारे केन्द्रित हुनेछ ।

४. यस अध्ययनले झापा जिल्लाको महिलाहरुका प्रतिनिधित्व गरेपनि समग्र नेपाली महिलाहरुको सन्दर्भमा उपयुक्त नहुन सक्छ ।

५. यो अध्ययन वि.स. २०७४ मा मात्र सिमित गरिएको छ ।

६.यो अनुसन्धानका लागि अन्तरर्वाता, प्रश्नावली,अवलोकन जस्ता साधनहरुको प्रयोग गरिएको छ ।

७.यो अध्ययनका लागि आवश्यक पर्ने तथ्यांक संकलनको साधन अन्तरर्वाता, प्रश्नावली मात्र प्रयोग गरिने छ।

## १.७ मुख्य शब्दावलीको अर्थ ( Meaning of Key Terms)

सशक्तिकरण - महिलामा भएको परिर्वतन

सशक्त - बलियो

पहुँच - प्राप्ति

सक्षम - कुनैपनि कार्यका लागि तयारी

साक्षर - सामन्य लेखपढ गर्न सक्ने

निरक्षर - सामन्य लेखपढ गर्न नसक्ने

एकल परिवार - बाबा आमा तथा छोराछोरी

संयुक्त परिवार -हजुरबा हजुरआमा ,बाबा आमा, काका काकी, तथा छोराछोरी सहितको परिवार

## १.८ अध्ययनको संगठन (**Organization of the Study**)

यस अध्ययनलाई विभिन्न भागमा विभाजन गरिएको छ। अध्ययन एकमा परिचय पृष्ठभुमि, समस्याको कथन, अध्ययनको उद्देश्य, अध्ययनको महत्व, अध्ययनका सीमा, अनुसन्धान प्रश्न, मुख्य शब्दावलीको ढाँचा रअध्ययनको संगठन राखिएको छ ।अध्याय दुईमा पूर्व साहित्यको पुनरावलोकन राखिएको छ ।अध्याय तिनमा अनुसन्धान विधि,अनुसन्धान ढाँचा , तथ्याङ्कको स्रोत जनसंख्या र नमूना छनौट, अध्ययन क्षेत्रको परिचय तथ्याङ्क प्रस्तुतीकरण र विश्लेषण गर्ने कार्य गरिएको छ । अध्याय चारमा झापा जिल्लाको परिचय ,भौगोलिक अवस्था , आर्थिक अवस्था, सामाजिक अवस्था ,कचनकवल गाउँ पालिकाको परिचय, आर्थिक तथा शैक्षिक अवस्था ,पाविारिक निर्णय प्रकृयामा महिलाको भूमिका र सारांश राखिएको छ । अध्याय पाँचमा निष्कर्ष र सुझावहरु तथा महिला सशक्तिकरण सम्बन्धि अध्ययन गर्ने व्यक्तिलाई समेत सुझाव प्रदान गर्दै प्रश्नावलि तथा सन्दर्भसूची समेत प्रस्तुत गरिएको छ ।

# अध्याय :दूई

# (CHAPTER: TWO)

## २.सन्दर्भ साहित्यको पुनरावलोकन (Review of Related Literature)

अनुसन्धान प्रस्तावनाको यस परिच्छेदमा अनुसन्धान विषय संग सम्बन्धित विभिन्न प्रकासित,अप्रकाशित लेख रचना तथा साहित्यको पूनरावलोकन गरिने छ ।

## २.१ सैद्धान्तिक पृष्ठभूमि (Theoretical Background)

कुनै व्यक्ति वा वस्तुको केहि गर्न सक्ने क्षमतालाई शक्ति भनिन्छ । अरुलाई नियन्त्रण पार्न सक्ने क्षमता नै शक्ति हो ।केहि गर्नका लागि आवश्यक पर्ने उर्जा नै शक्ति हो ।प्रत्येक व्यक्तिले जन्मन साथ विभिन्न शक्तिलिएर आएको हुन्छ । हेर्ने शक्ति, विचार गर्ने शक्ति,चेतना शक्ति विभिन्न किसिमका हुन्छन् ,शारिरीक, मानसिक, आन्तरिक बाह्य आदि । मानिस जन्मदा लिएर आउने शक्तिलाइ आन्तरिक शक्ति भनिन्छ । यी शक्तिहरु सुषुप्त अवस्थामा रहेका हुन्छन् ।यिनलाइ उचित वातावरण दिएर प्रष्फुटन र प्रस्फुरण गर्नु लाई सशक्तिकरण भनिन्छ (अधिकारी,२०१२) ।

सशक्त हुनु भनेको उसको क्षमता, कार्यशैलीमा वृद्धि हुनु हो । स्रोत साधनमा पहूँच बड्नु हो । स्वचालित,स्वनिर्भर र स्वालम्वी बन्नु हो । वास्तवमा समाजमा निम्न स्थानमा रहेको वर्ग समुदाय वा महिलालाई विभिन्न पक्षमा न्यायपूर्ण व्यवहार हुनु आवश्यक छ । यस्तो व्यवहार सशक्तिकरण पश्चात मात्र आउछ ।  सशक्तिकरण शोषित पक्षलाई मात्र नगरि शोषण, दमन,शक्तिको अध्यास गर्ने पक्षलाई पनि गर्नु पर्दछ । अवसरबाट वञ्चित वर्गलाइ सशक्तिकरण गर्नु आवश्क छ । साथै विशेष अधिकार प्राप्त पक्षलाइपनि अर्को पक्षतर्फ सचेत हुन , निश्चित मूल्य मान्यता र सीमा रहेर शक्तिको प्रयोग गर्नका निम्ति चेतना तथा ज्ञान प्रदान गर्न सशक्तिकरणको आवश्थकता पर्दछ । मानिसमा अन्तरनिहित शक्तिको प्रष्फुटन र प्रस्फरण हुने अवसर प्रदान गरेर विभिन्न कुसंस्कार तथा नियन्त्रणका संयन्त्रहरुको अन्त्य गरेर कार्यभार कम गरि सिर्जनशील र क्षमता विकास तालिम लिएर सशक्तिकरण गर्न सकिन्छ (अधिकारी २०१२) ।

नेपाल सरकारल छैटौ योजना देखि महिला सशक्तिकरण र लैङ्गिक समनताको विषयलाइ विषेश ध्ययान दिदै आएको छ । संयुक्त राष्ट्र संघ लगायत सार्क स्तरिय र राष्ट्रिय स्तरमा

भएका महिला विकास,महिला सशक्तिकरण र लैङ्गिक विषयका महा सन्धी  तथा घोषणाको प्रवधानहरु लागु गर्न दर्शाएको प्रतिवद्धता कानुन तथा नीतिहरुमा थप सुधार गर्दै कार्यक्रमहरु कार्यन्वयन गर्दै आएको छ । आन्तरिक योजनाले समग्र अर्थव्यवस्था र विकासको प्रकृयालाइ लैङ्गिकिकरण गर्दै महिलाहरुको काम र भूमिकालाई मान्यतादिने र मूल्याङ्कन गर्ने परिपाटि अवलम्वन गरेको छ (पोखेल २०६६)।

केन्द्रिय तथ्याङ्क विभाग (२०७०) का अनुसार महिला सशक्तिकरण यस्तो प्रकृया हो, जसमा समाजका शक्ति,क्षमता आत्माबिश्वास तथा पहुच नहूने महिलाहरुको लागि शिक्षा ,चेतना र अधिकार अवसरहरु प्रदान गरी क्षमता  अभिवृद्धि गरिन्छ । बिशेष गरी ग्रामीण विपन्न महिलाहरु विविध कारणहरुबाट  विबकासका  अवसरबाट बञ्चित  छन् र उनिहरुलाई पछाडी पारीएको छ ।उनीहरु बिभिन्नकारणले सशक्त हुन सकेका  छैनन् ।उनिहरुले  आफ्नो प्रतिभा अनुभव र ज्ञानलाई सहिरुपमा प्रयोग गर्न पाएको छैनन् । यस्को अशक्तता ,वञ्चितकरणको अवस्थालाई शिक्षा, अधिकारर अवसरहरु प्रदान गर्ने पैक्रिया नै सशक्तिकरण हो ।

राई,(२०७०) का अनुसार स्वास्थ्य शरीरमा स्वास्थ्य विचारले जन्मदिने कुरा सर्वविवितै छ । एकातिर महिलाअधिकारनै मानव अधिकार हो भन्ने नाराले गुञ्जयमान छ अर्कोतिर महिलाहरु अधिकार विहिन छन् । त्यसैले आज आधा आकाशओगट्ने महिला समुदाय आफ्नो सामाजिक धार्मिक परम्परालाई जोगाइ राख्ने कुराहरुले उहिरुको सम्पुर्ण अस्तित्व नै धमिल्याएको छ । यस अर्थमा उनिहरुको लागि महिला सशक्तिकरण र महिला विकासका कुराहरु हास्यस्पद हुन्छन् । कुनैपनि व्यक्ति वर्ग र समुदाय अधिकार विहिन, पछौटे र अरुभन्दा तल्लो दर्जाको नागरिकको रुपमा चाहादैन । हाम्रो पुरुषप्रधान समाजको मानसिकता सामाजिक र धार्मिक परिवेसले उनिहरुलाई  यस अवस्थामा पुर्याएको छ । हिजो महिलाहरुले बाबु र दाजुभाइको डर राख्नु पर्दथ्यो । आज भएतापनि निर्णायक भूमिका निर्वाह गर्न असमर्थ छन् । अर्थोपार्जन गर्न सक्नेलाई निर्णय गर्ने अधिकारवाट वञ्चित गर्नु उसको योग्यता माथि शंका गर्नु हो । यस अवस्थामा उनिहरु कसरि सशक्त हुने र उनिहरुलाई सशक्त बनाउने वातावरण कसले तयार पारिदिने । महिलाहरु कमजोर छन् । उनिहरुलाई अगाडि सार्नु पर्छ विकास निर्माणको कार्यमा उनीहरुको सहभागिता जरुरी छ भन्ने सोचाईले जन्म ंदिएपनि पुरातन मानसिकतामा परिर्वतन नल्याए सम्म यो कार्य गाह्रो मात्र छैन असम्भव पनि छ । कतिपय महिलाहरु आज अनेकौ बाधाहरुलाई पन्छाउदै आफ्नो

अस्तित्वको रक्षा गर्न संघर्षरत छन् भने अधिकांश शिक्षित तथा सम्पन्न महिलाहरुको महिला सशक्तिकरण र महिला बिकासका  कुरामा  चासै नराख्नाले समस्या जटिल बन्दै गएको छ ।

Kersberg(1992) सशक्तिकरण शब्द सन् १८९० को दशक यता धेरै प्रचलित हुदै आएको छ । बिशेष गरेर महिला अध्ययनका लागि संघर्षरत  महिलाहरुले यसलाई अघि बढाएको पाइन्छ । विभिन्न सामाजिक शोषण  र कुसंस्कारले ग्रसित महिलालाई त्यो अवस्थाबाट मुक्ति दिलाउने उदेश्यले सशक्तिकरण शब्दको प्रयोग भएको देखिन्छ । फलत :सशक्तिकरण कार्यक्रममा महिलाभित्र रहेका हिन भावनाहरु ह्टाउने र त्यस हिन भावना जन्माउने बिभिन्न संघसंस्थाहरुमा परिवर्तन ल्याउने गतिबिधिहरु समावेश भएको देखिन्छ । यस अर्थमा मौनताबाट मुक्त भई सक्रिय आवाज उठाउन सक्ने सक्षम महिला जन्माउनु नै सशक्तिकरण हो ।

UNDP (२००५) का अनुसार ७३ प्रतिसत महिलाहरु कृषि क्षेत्रमा कार्य गर्छन् । महिलाहरु घरेलु तथा साना उद्योग सञ्चालन गर्ने अवसर,सीप , क्षमता, तालिम र राम्रो पारिश्रमिक पाउने स्थान सम्म पुगेका छैन । महिलाहरु प्रत्यक्ष उत्पादनका काममा बढि सहभागि हुनु महिलाले गर्ने कामलाई आर्थिक गतिविधिको रुपमा गणना गरी श्रमको मूल्याङ्कन गर्ने सस्कारको विकास नहुनु, परिवार र समाजवाट काम नभएका महिला भन्ने उपाधि लिनुले महिलाको श्रमको अवमूल्यन तथा अन्याय भएको पाइन्छ ।

सशक्तिकरण एउटा यस्तो प्रकृया हो जसले व्यक्ति तथा समाजमा रोजाइ निर्माण गर्न सक्ने क्षमताको विकास गराउछ । सशक्तिकरणको अन्तिम लक्ष्य भनेको व्यक्तित्व विकास हो जसमा आत्म विश्वास वढाउन सामाजिक अनतरकिरण स्रोत साधनको वाडफाडमा निर्णय गर्ने अधिकार कुन पेशा अवलम्वन गर्ने र कसरि जीवनयापन गर्ने जस्ता विषयमा पर्याप्त छनोटमा अवसरहरु उपलब्ध हुनुपर्ने जस्ता कुराहरु समाविष्ट हुनछन् ।साँचो अर्थमा महिला सशक्तिकरण भनेको महिलाहरुको पहिचानको खोजि गर्नु उनिहरुलाई आत्मनिर्भर बनाउनु र राजनैतिक कृयाकलापमा महिला सहभागिता बढाउनु उनिहरुको आन्तरिक क्षमताको उजागर गर्नु स्वरोजगार सृजना ऋण सुविधा उत्पादित वस्तुको बजारमा पहूँच र जोखिम भोग्न सक्ने खुविको विकास जस्ता विषयहरु महिला विकास सशक्तिकरण प्रमुख विषयहरु हुन् जुन व्यक्तिगत प्रयास वाट प्राय :असम्भव छ । यसका लागि राजनितिक दल सरकार र नागरिक समाजको सहयोग तथा स्वयम महिलाहरुको सकृय सहभागिको खाचो पर्दछ ( सुवेदी २०७३)।

विकासका लागि महिला र पुरुषको समान सहभागिता अनिर्वाय सर्तको रुपमा रहन्छ । व्यक्ति, समाज र राष्ट्रलाई उत्पादन मुखि वनाइ जीवनस्तर तथा आर्थिक विकासको गतिलाई तिव्र वनाउने कार्य विकास हो । सामाजिक तथा शक्षिक पक्ष विकास प्रकृयामा महिलाको सहभागिता पुरुसको तुलनामा कम हुने गरेको छ ।लैङ्गिक समनताको पक्षबाट यो अवस्था सकरात्मक होइन ।अर्को शब्दमा महिलाको सशक्तिकरण, सकृय सहभागिता र अर्थपुर्ण भूमिका विकासका लागि आवश्यक हुन्छ । यसकालागि पनि शिक्षाले महत्वपूर्ण भूमिका निर्वाह गर्नुपर्ने हुन्छ । बिसौं शताव्दिको पछिल्लो दसकहरु देखिनै शिक्षामा महिला समानताको विषयले प्राथामिकता पाउँदै आएको छ । विभिन्न सोच, अभ्यास तथा तिनको प्रभाव मूल्याङ्कनका आधारमा लैङ्गिक समनताको विषयलाई उच्च स्थान दिदै आएको छ । विकास प्रकृयामा गति प्रदान गर्न सम्पूर्ण विश्वको ध्यान लैङ्गिक समनातातर्फ केन्द्रित हुदै आएको अवस्था विद्यमान छ (पौडेल २०७३)।

पोखरेल (२०७३) का अनुसार नेपालको जनसंख्या २०६८ लाई हेर्दा पुरुष भन्दा महिलाको जन्मदर र पारिवारिक सदस्य सामान्य रुपमा बढी छ । देश भित्र गरि खाने र श्रम बजारमा घरेलु कामदर पनि पुरुसको तुलनामा महिलाहरुनै धेरै छन् । समग्रमा गाहर्स्थ्य उत्पादन सहभागितामा १०० महिलाको अनुपातमा ८६ प्रतिशत मात्र पुरुषको उपस्थिति छ । देशको आर्थिक दुरावस्था र रोजगारी अभावको कारणले युवायुवतीको ठूलो जनसंख्या विदेश जान वाध्य छन् । पुरुषहरु सदियौंदेखि वैदेशिक जाने र कमाउने चलनमा विगत दुई दशकदेखि ठूलो मात्रामा महिलाहरुपनि विदेशिन र इस्लाम तथा अन्य भाषा, धर्म, सस्कृति र खानपिन तथा विभिन्न फरक विचार र धारणा भएका मुलुकमा पुगि जोखिमयूक्त काम गर्न बाध्य अवस्था घाम जतिकै छर्लङ्ग छ ।देश भित्र १५-५९ वर्ष उमेरका जनसंख्याको उर्जासिल जनशक्ति १६ प्रतिशत मात्र छ भने १५ वर्ष मुनि र ६० वर्ष भन्दा माथिका जनसंख्या ८४ प्रतिशत देखिन्छ । आश्रित पारिवारिक संख्याको अनुपातमा अति उच्च हुनुले महिलाहरुले घरपरिवार चलाउन र आर्थिक प्रवन्ध गर्न धेरै कठिनाई भोगिरहेका छन् । पुरुषको साक्षरतादर ७५ प्रतिशतको तुलनामा महिला साक्षरतादर ५७ प्रतिशतको हाराहारि र मुलुकको ६५ प्रतिशत मात्र साक्षारतादर हुनुले नेपाली समाजमा महिला दोस्रो दर्जाका नागरिक झैं लाग्ने गर्दछ ।

Bhasin and Dhar , (1998) का अनुसार सशक्तिकरण निरन्तर चलिरहने बहुआयामिक प्रकृया हो यसले महिाल वा अन्य सिमान्तकृतर पिछडिएको समुदायको बनावट र

बिचारतथा उनीहरुको अस्तित्वलाई जोगाई राख्न उत्प्रेरित गराई सक्षम बनाउदछ । UNFPA(2007) का अनुसार शक्ति संरचनालाई बढी समावेशी बनाउने प्रक्रिया जसमा सम्पूण ´महिला र सम्पूर्ण जाति,वर्ग समुदाय,धर्म,वर्ण ,समावेश हुन्छन् । सशक्तिकरणको अन्तिम उद्देश्य दोस्रो दर्जा र हेपाईको अभ्यासमा वैचारीक परिवर्तन ल्याउनु हो ।

Donald Borenrtein,(2003) का अनुसार महिला सशक्तिकरणको वास्तविक मूल्याङ्कन गर्न कठिन छ । आधुनिक विकसित समुदायका धेरै संगठनहरुको महिला सशक्तिकरणलाई समर्थन गर्न प्रतिवद्धता जाहेर गरेका छन ।

## २.२ पूर्व अध्ययनको समिक्षा (Review Of Related Literature)

महिला सशक्तिकरण हुनुभनेको महिलाहरुको सामाजिक आर्थिक,शैक्षिक विकास हुनु लैङ्गिक भूमिकामा परिवर्तन आउनु, देशको समग्र विकास महिला वर्गको पहूच हुनु,महिलाहरु संस्थागत रुपमा संगठित हुनु निर्णय र नियन्त्रण गर्ने तहमा महिलाहरु पुग्नु महिलाहरुको स्थितिमा सुधार ल्याई बिकास लाई दिगो वनाउनु हो (सुवेदी २०६९)।

नेपालमा योजनावद्ध विकास २०१३ सालमा सुरु भएता पनि छैटौ पञ्चवर्षीय त्रिवर्षिय योजना २०६७/६८ देखि २०६९/७० को आधार पत्रमा पनि महिला सम्बन्धि व्यवस्था गरेको पाइन्छ । जसको उद्देश्य महिलाको सामाजिक आर्थिक, गैर आर्थिक एवम् राजनितिक विकासमा सशक्त बनाउनु हो। महिलाहरुका हक हित सुरक्षा तथा संरक्षणका कुराहरुलाई सामान्य अर्थमा महिला अधिकार भनिन्छ (अर्याल २०६८) ।

संसारमा कुनै यस्तो मुलुक छैन जुन महिला हिंसा मुक्त होस् र सम्पन्न मुलुकहरुमा यसको मात्र कम र प्रकृति भिन्न छ । नेपाल पनि महिलामाथि चरम विभेद हुने मुलुक मध्ये एक हो । वनेका कानुन हेर्दा नेपालि महिला वलिया र अधिकार सम्पन्न भए जस्तो लागेपनि व्यवहारमा कार्यन्वयन हुन नसकेको कारण कागजि रुपमा महिला माथिको विभेद कम हुदै गएपनि व्यवहारमा महिला पिडितनै छन् ।

८० प्रतिसत भन्दा वढि जनता ग्रामिण क्षेत्रमा बसोबास गर्ने यस मुलुकमा महिला समस्या पनि गाउँमै अधिक छन् । शिक्षाको अवसर नहुनु, विभेदको शिकार बन्ने बाध्यता,कम उमेरमै वैवाहिक जिवन विताउनु वाध्य हुनु,जस्ता पिडामा ती छन् । तर आम महिला जे ग्रामिण क्षेत्रमा वस्दछन्,सामाजिक आर्थिक परिवेसले गर्दा आफ्ना समस्याहरु सार्वजनिक गर्न

असमर्थछन् उनीहरु सम्म महिला आन्दोलन सचेतना र जागरण अभियान तथा हक अधिकारको चेतना नै पुग्न सकेको छैन । तिनको पक्षमा बोलि दिनेको अझै अभाव छ ( अर्याल २०६९) ।

जोशी (२०६२) सशक्तिकरण भन्ने शब्दावलिको प्रयोग पनि पिछडिएको वर्गको उत्थान संग जोडिएको छ । शुरुका वर्ष हरुमा महिलाहरुको सशक्तिकरणको विषयलाई मात्र यसले समेटेको थियो भने अहिले आएर महिला  लगायत पिछडिएको वर्ग र क्षेत्र सबैको सशक्तिकरणमा यसको प्रयोग भएको छ । पिछडिएको वर्ग र क्षेत्रको उत्थनमा सहयोग पुग्न सक्ने गरि क्षमताको विकास र साधन स्रोतमा पहुँच बढाउनुको साथै विकसित वर्ग र क्षेत्रको अवस्था सरह वनाउने प्रकृयालाई सशक्तिकरणको रुपमा लिएको छ । महिला सशक्तिकरण भनेको एउटा दैनिक जिवनमा आइपर्ने व्यवस्थित प्रकृया र कृयाकलाप हो । विश्वका जतिसुकै विकसित राष्ट्र होस् वा अल्पविकसित देश होस् यो समय सापेक्ष निरन्तर चलिरहने जटिल प्रकृया हो । जुन पुरुष र महिला दुवैमा अनयोन्याश्रित सम्बन्ध रहन्छ ।

Dhekal and sheikh(1997) नेपाल महिलाको लागि जीवन एउटा अवरोध द्विबिधा र त्यागहरुको सञ्जाल हो ।छोरी जन्मिएको पारिवारिकको सहज सहन बाट उनलाईहेर्ने दृष्टिकोण उनीमाथी गरीने स्वतन्त्र व्यवहार निर्धारण हुन्छ तर पुरै समाज पितृसत्तात्मक भएकोले छोराको तुलनामा धेरै विभेदहरु रहन्छन् ।महिलाहरुको लागि विवाहगर्नै र छोरा जन्माउने बाहेक काम गर्नको लागि थोरै मात्र बिकल्प रहेकाछन् ।

Bhasin (1992) सशक्तिकरण निरन्तर चलिरहने एक गतिशिल प्रकृया हो जसले महिला र पुरुष बिचको शत्ति सम्बन्धलाई परिवर्तन गर्न क्षमता र दक्ष्ता प्रदान गर्दछ । सशक्तिकरणको प्रकृयामा कुराकानी छलफल , समूह गाष्ठी वकालत कानुन आदी  पर्दछन् । सशत्तिकरण प्रकृयामात्रनभएर परिणाम पनि हो । सशक्तिकरण बाट स्रोत साधन माथि नियन्त्रण पनि प्राप्त हुन्छ । जो शक्तिहित छ उस्ले शक्तिसम्पन्नबाट शक्ति प्रप्त गर्नु सशक्तिकरण हो ता पनि सशक्तिकरण छाडा नभई मानवीय मूल्य र मान्यता सँग गासिएको हुन्छ ।

लुईटल, (२०६२) महिला  सशक्तिकरण महिलाको चेतनामा परिवर्तन साथै आफ्नो घरपरिवार र समाजमा परिवर्तनहुनु स्रोत साधनको पहुच, नियन्त्रण र सामुहिक कार्यमा बढी सहभागी हुनु । नया बिकासको खोजीगर्न सक्नेहुनु हो ।त्यसको लागि समूहमा आबध्ध भई सामूहिक शक्तिको विकास पनि गर्नु पर्दछ ।

श्रेष्ठ (२०७०) का अनुसार नेपालि समाजमा पुरुष सत्ताको बोलवाला र हिन्दु धर्मको प्रभाव रहेकोले गर्दा महिलाहरु कुनैन कुनै रुपमा परनिर्भर रहदै आएको पाईन्छ । धर्मसास्त्रहरुले नै महिलाहरुलाई देवि र दासी जस्ता दुई फरक चरित्रको रुपमा प्रस्तुत गरेको छन् । माइतीमा रहँदा महिलालाई छोरीचेली तथा दिदीबहिनीको रुपमा पुजिने ,दक्षिणा दिईने कार्यले गर्दा उनिहरुलाई देविको रुपमा लिईने गरेको पाइन्छ । तसर्थ माइतीमा छँदा महिलाहरुको स्थान र हैसियत उच्च देखिन्छ ।एकातिर महिलाको शारिरीक संरचनाले गर्दा पनि उनिहरु प्राकृतिक रुपमै पुरुष भन्दा कम्जोर ठहरीएकै छन् मने अर्का तिर कृतिमरुपमा खडा गरिएको धर्म,परम्परा, सस्कार,सांस्कृतिक मूल्य एवम् मान्यताहरुले महिलाहरुलाई सँधै थिचिरहेकै अवस्था छ ।

पाण्डे, (२०७२) का अनुसार अवसरले मानिसको क्षमता विकास गर्दा क्षमताको आत्मविश्वास बढाउँदछ र आत्मविश्वासले हरेक व्यक्तिको कार्य क्षमता र दक्षता प्रदर्शन गर्छ यसर्थ सदियौ देखि किनारमा पारिएका महिलालाई प्रतिस्पर्धी क्षमता विकासका लागि शिक्षा,स्वास्थ्य र रोजगारीमा सकारात्मक विभेद तथा विशेष व्यवस्था र प्रजनन् हक महिलाका निहित हुने कुराको सुनिश्चित महिला सशक्तिकरणले गर्दछ ।

रेग्मी (२०७३) का अनुसार सशक्तिकरण एउटा यस्तो प्रकृया हो जसले व्यक्ति तथा समाजमा रोजाई निमार्ण गर्न सक्ने क्षाताको विकास गराउदँछ । सशक्तिकरणको अन्तिम लक्ष्य भनेको व्यक्तित्व विकास हो । जसमा आत्माविश्वास बढाउन सामाजिक अनतकिरण स्रोत साधनको बाँडफाँडमा निर्णय गर्ने अधिकार कुन पेसा अवलम्वन गर्ने र कसरि जीवनयापन गर्ने जस्ता विषयमा पर्याप्त छनोटमा अवसरहरु उपलव्ध हुनुपर्ने जस्ता कुराहरु समाविस्ट हुन्छन् । साँचो अर्थमा महिला सशक्तिकरण भनेको महिलाहरुको पहिचानको खोजि गर्नु उनिहरुलाई आत्मनिर्भर वनाउनु र राजनैतिक कृयाकलापमा महिला सहभागिता बढाउनु उनिहरुको आन्तरिक क्षमताको उजागर गर्नु स्वरोजगार सृजना ऋण सुविधा उत्पादित वस्तुको बजारमा पहुँच र जोखिम भोग्न सक्ने खुविको विकास जस्ता विषयहरु महिला विकास सशक्तिकरण प्रमुख विषयहरु हुन् जुन व्यक्तिगत प्रयासबाट प्रायः असम्भव छ । यसका लागि राजनितिक दल सरकार र नागरिक समाजको सहयोग तथा स्वयम महिलाहरुको सकृय सहभागिको खाँचो पर्दछ ।

## २.३ अध्ययनको लागि पुनरावलोकनको उपादेयता (**Implication of the Review for the Study**)

केन्द्रिय तथ्याङ्क विभाग (२०७०) बिशेष गरी ग्रामीण विपन्न महिलाहरु विविध कारणहरुबाट विबकासका अवसरबाट बञ्चित छन् र उनिहरुलाई पछाडी पारीएको छ । उनीहरु बिभिन्नकारणले सशक्त हुन सकेका छैनन् ।उनिहरुले आफ्नो प्रतिभा अनुभव र ज्ञानलाई सहिरुपमा प्रयोग गर्न पाएको छैनन् । यस्को अशक्तता ,वञ्चितकरणको अवस्थालाई शिक्षा, अधिकारर अवसरहरु प्रदान गर्ने पैक्रिया नै सशक्तिकरण हो ।

राई (२०७०) को अध्यनमा महिला अधिकार नै मानव अधिकार हो भन्ने नाराले गुञ्जनमान भएपनि महिलाहरु अधिकार विहिन छन् त्यसैले आधा आकाश ओगट्ने महिलाहरु समुदाय आफ्नो सामाजिक धार्मीक परम्परालाई जोगाई राख्ने कुराहरुको उनिहरुको सम्पूर्ण अस्तित्व नै धमिल्याएको छ हाम्रो पुरुसप्रधान समाजको मानसिकता सामाजिक र धार्मिक परिवेशले उनिहरुलाई यस अवस्थामा पुर्याएको निष्कर्ष यस अध्ययनमा पाइन्छ ।

पोखेल (२०६६) को अध्ययनमा नेपाल सरकारल छैटौ योजना देखि महिला सशक्तिकरण र लैङ्गिक समनताको विषयलाइ विषेश ध्ययान दिदै आएको छ । संयुक्त राष्ट्र संघ लगायत सार्क स्तरिय र राष्ट्रिय स्तरमा भएका महिला विकास,महिला सशक्तिकरण र लैङ्गिक विषयका महा सन्धी तथा घोषणाको प्रवधानहरु लागु गर्न दर्शाएको प्रतिवद्वता कानुन तथा नीतिहरुमा थप सुधार गर्दै कार्यक्रमहरु कार्यन्वयन गर्दै आएको छ । आन्तरिक योजनाले समग्र अर्थव्यवस्था र विकासको प्रकृयालाइ लैङ्गिकिकरण गर्दै महिलाहरुको काम र भूमिकालाई मान्यतादिने र मूल्याङ्कन गर्ने परिपाटि अवलम्वन गरेको छ ।

अधिकारी(२०१२) को अध्ययनमा कुनै व्यक्ति वा वस्तुको केहि गर्न सक्ने क्षमतालाई शक्ति भनिन्छ । अरुलाई नियन्त्रण पार्न सक्ने क्षमता नै शक्ति हो ।केहि गर्नका लागि आवश्यक पर्ने उर्जा नै शक्ति हो ।प्रत्येक व्यक्तिले जन्मन साथ विभिन्न शक्तिलिएर आएको हुन्छ । हेर्ने शक्ति, विचार गर्ने शक्ति,चेतना शक्ति विभिन्न किसिमका हुन्छन् ,शारिरीक, मानसिक, आन्तरिक बाह्य आदि । मानिस जन्मदा लिएर आउने शक्तिलाइ आन्तरिक शक्ति भनिन्छ । यी शक्तिहरु सुषुप्त अवस्थामा रहेका हुन्छन् ।यिनलाइ उचित वातावरण दिएर प्रष्फुटन र प्रस्फुरण गर्नु लाई सशक्तिकरण भनिन्छ ।

अधिकारी (२०१२) को अध्ययनमा मानिसमा अन्तरनिहित शक्तिको प्रष्फुटन र प्रस्फरण हुने अवसर प्रदान गरेर विभिन्न कुसंस्कार तथा नियन्त्रणका संयन्त्रहरुको अन्त्य गरेर कार्यभार कम गरि सिर्जनशील र क्षमता विकास तालिम लिएर सशक्तिकरण गर्न सकिन्छ ।

Kersberg(1992) को अध्ययनमा सशक्तिकरण कार्यक्रममा महिलाभित्र रहेका हिन भावनाहरु हटाउने र त्यस हिन भावना जन्माउने बिभिन्न संघसंस्थाहरुमा परिवर्तन ल्याउने गतिबिधिहरु समावेश भएको देखिन्छ । यस अर्थमा मौनताबाट मुक्त भई सक्रिय आवाज उठाउन सक्ने सक्षम महिला जन्माउनु नै सशक्तिकरण हो ।

UNDP(२००५) का अनुसार महिलाहरु प्रत्यक्ष उत्पादनका काममा बढि सहभागि हुनु महिलाले गर्ने कामलाई आर्थिक गतिविधिको रुपमा गणना गरी श्रमको मूल्याङ्कन गर्ने सस्कारको विकास नहुनु, परिवार र समाजवाट काम नभएका महिला भन्ने उपाधि लिनुले महिलाको श्रमको अवमूल्यन तथा अन्याय भएको पाइन्छ ।

सुवेदी (२०७३)को अध्ययनमा महिला सशक्तिकरण भनेको महिलाहरुको पहिचानको खोजि गर्नु उनिहरुलाई आत्मनिर्भर बनाउनु र राजनैतिक कृयाकलापमा महिला सहभागिता बढाउनु उनिहरुको आन्तरिक क्षमताको उजागर गर्नु स्वरोजगार सृजना ऋण सुविधा उत्पादित वस्तुको बजारमा पहूँच र जोखिम भोग्न सक्ने खुविको विकास जस्ता विषयहरु महिला विकास सशक्तिकरण प्रमुख विषयहरु हुन् जुन व्यक्तिगत प्रयास वाट प्राय :असम्भव छ । यसका लागि राजनितिक दल सरकार र नागरिक समाजको सहयोग तथा स्वयम महिलाहरुको सकृय सहभागिको खाचो पर्दछ ।


## २.४ अनुसन्धान अन्तर(**Research Gap**)

सम्वन्धित पूर्व साहित्यको पुनरावलोकन पश्चात् र यस अध्ययनको बीचमा अनुसन्धान अन्तर रहेको पाइन्छ । साहित्यको पुनावलोकनमा नमुना छनोट विधिको माध्यम वाट सीमित जनसंख्यावाट तथ्याङ्क लिई विश्लेषण गरिएको थियो भने यस अध्ययनमा महिलाहरुलाई उद्देश्यमूलक नमुना छनोट विधिको माध्यमवाट महिलाहरुको छनोट गरी वास्तविक र यथार्थ तथ्याङ्क लिएको छ । साहित्यको पुनरावलोकनमा प्रश्नावलीको मात्र प्रयोग गरि तथ्याङ्क संकलन गर्दा तथ्याङ्कको वैधता  हुन्छ । यस अध्ययनको निचोडमा नमुना छनोट गरिएका महिलाहरुसँग अन्तरर्वाता लिई महिलाहरुको वारेमा प्रत्यक्ष अवलोकनको माध्यम वाट सत्य यथार्थ तथ्याङ्क लिएको छ । यस अध्ययनमा महिला सशक्तिकरणले उनिहरुको

सामाजिक,आर्थिक, शैक्षिक क्षेत्रमा पारेको प्रभाव , महिलाको वार्षिक आम्दानि, खर्च, बचत स्थिति आदि बारेमा विश्लेषण गरिएको छ । त्यसैले साहित्यको पुनरावलोकन भन्दा यस अध्ययनको निचोड सत्य र वास्तविक छ भन्ने आशा रहेको छ ।

## २.५ अवधारणात्मक ढाँचा (Conceptual Framework)

यस अध्ययन पूर्व गरिएका विभिन्न अनुसन्धानबाट प्राप्त हुन आएका निष्कर्षहरुको पुनरावलोकन आधारमा महिलासशक्तिकरण लाइ प्रभावित पार्ने संभावित जिम्मेवार कारक तत्वहरुको पहिचान हुनगई एक अवधारणात्मक ढाँचाको विकास गरिएको छ । जसलाई तलको तालिका वाट स्पष्ट पार्न सकिन्छ ।




स्रोत : सुबेदी (२०६९)

माथिको तालिकामा महिला सशक्तिकरणले उनिहरुका सामाजिक, आर्थिक तथा शैक्षिक क्षेत्रमा पारेको प्रभाव लाई दर्शाएको छ । जसमा सामाजिक क्षेत्र भित्र परिवारको अवस्था,लैङ्गिक अवस्था, धर्म को अवस्था, वैवाहिक अवस्था लगायत साधन स्रोतमा पहुँच को अवस्थाको वारेमा अध्ययन गरिएको छ र शैक्षिक क्षेत्रमा नमुना छनोट मा परेका

महिलाहरुको शैक्षिक स्तर पत्तालगाउन प्राथामिक,माध्यमिक, उच्चकाध्यमिक गरि महिलाहरुको शैक्षिक अवस्था पत्ता लगाइएको छ । भने आर्थिक क्षेत्र भित्र पेशा व्यवसाय, आम्दानी, पेसा आम्दानि रहेको छ ।

## २.६ कार्यात्मक ढाचा (Functional Framework )

माथिका विभिन्न तत्वहरुमध्धे अध्ययनको सरलतालाइ मध्येनजर गर्दै यस अनुसन्धानका लागि निम्न तत्वहरुको छनौट गरिएको छ ।




स्रोत : सुबेदी (२०६९)

# अध्याय:तीन

## (CHAPTER: THREE)

### ३.अनुसन्धान विधि (Research Methodology)

अनुसन्धान आफैमा जटिल कार्य हो । कुनै समस्यामा केन्द्रित रहेरसमस्या समाधानका लागि अध्यन अन ुसन्धानको निकै महत्व हुन्छ । जसको सहयोगले विषय वस्तुको गहिराई सम्म पुगेर विस्तृत जानकारि लिइ निष्कर्ष निकाल्न सकिन्छ । त्यसैले अनुसन्धान विधिलाइ महत्वपुर्ण रुपले लिने गरिन्छ ।यस अनुसन्धानमा अनुसन्धानको ढाँचा,तथ्याङ्क संकलनका स्रोतहरु,तथ्याङ्क संकलनका तरिका र साधनहरु निर्माण तथा प्रस्तुतिकरण र तथ्याङ्कको विश्लेषण लाई अनुसन्धान विधिको रुपमा प्रयोग गरिए छ ।

### ३.१ अनुसन्धान ढाँचा (Research Design)

यस महिला सशक्तिकरणले महिलाहरुको सामाजिक, आर्थिक तथा शैक्षिक विकासमा पुर्याएको योगदान,उनिहरुको सामाजिक स्तर, स्रोत र साधनमा पहुँच,निर्णयक क्षेत्रमा महिलाको प्रतिनिधित्व अध्यन गर्न तालिका तथा द्धितिय तथ्याङ्कको संकलन,अन्तरवार्ता, प्रश्नावलि अवलोकन, स्थलगत निरिक्षण मार्फत प्राप्त तथ्याङ्कलाई वर्णात्मक र विश्लेषणात्मक ढाँचाको प्रयोग गरिएको छ ।

### ३.२ तथ्याङ्कको स्रोत (Sources of Data)

यस अध्ययनमा मुख्यतया २ किसिमका स्रोतहरुको प्रयोग गरिएको छ । प्राथमिक र द्धितिय स्रोतहरुको प्रयोग गरि यो अनुसन्धानलाई पूर्णता दिइएको छ ।

### ३.२.१ प्राथमिक तथ्याङ्क (Source of _Primary Data)

यस अध्ययनका लागि प्राथमिक तथ्यांकको स्रोत नमूना छनौटमा परेका अध्ययन क्षेत्रमा महिलाहरु रहेको छन् ।

### ३.२.२ द्धितिय तथ्यांक( Source of Secondary Data)

यस अध्ययन कार्य सम्पन गर्न प्राथामिक स्रोत वाट मात्र नसमेटिने भएको हुनाले द्धितिय स्रोत लाई पनि लिएको छ । यस अन्तरगत विभिन्न लेख रचनाहरु, पत्रपत्रिका,

शोधपत्र,केन्द्रिय तथ्यांक विभाग वाट प्रकासित पुस्तक ,महिला सशक्तिकरणको बारेमा लेखिएको लेख अनुसन्धान आदि रहेको छ ।

## ३.३ जनसङ्ख्या, नमुना आकार र नमुना छनोट रणनीति (Population, Sample, Size and Sampling Strategy )

यो अध्ययन महिला सशक्तिकरणले उनिहरुको सामाजिक, आर्थिक तथा शैक्षिक विकासमा परेको प्रभाव शीर्षक अन्तरगत झापा जिल्लाको कचनकवल गाउँपालिका मा सम्पन्न गरिएको छ । उक्त क्षेत्रको जनसङ्ख्या नमूना आकार र नमूना छनोटलाई यसप्रकार उल्लेख गरिएको छ ।

### ३.३.१ जनसङ्ख्या (Population)

यस अध्ययनककर्तासँग सिमित स्रोत साधन र समयको कारणले गर्दा प्राथामिक तथ्याङ्क संकलान गर्नका लागि झापा जिल्ला अन्तरगत कचनकवल गाउँपालिका वडा नं. ६मा रहेको २९९ घरधुरी रहेको छ । जसमा बसोबास गर्ने कुल जनसंख्या १३३६ मध्ये पुरुष ६१३ र महिला ६२३ छ । यस मध्ये १८ देखि ६० उमेर समूहका विवाहित महिलाहरुको जनसंख्या ५६१ रहेको छ ।

### ३.३.२ नमूना आकार (Sample Size)

यस अध्ययनका लागि २९९ घरधुरी रहेकोमा जम्मा २०० घरधुरी वा त्यसमा वसोवास गर्ने मूख्य २०० विवाहित महिलाहरुलाई ३५.६ प्रतिशत यस अध्ययनको नमुना आकारको रुपमा लिएको छ ।

### ३.३.३ नमूना रणनीति (Sampling Strategy)

यस अध्ययनको उद्देश्य बमोजिम अनुसन्धान कर्ता संग समय, आर्थिक लगानि र आवश्यक जनशक्ति अभावको कारण निश्चित मात्रालाई तथा जनसङ्ख्यालाई नमूनाको रुपमा छनोट गरिएको छ ।

१.यस अध्यनका लागि झापा जिल्लाको कचनकवल गाउँपालिका वडा नं. ६ लाई उद्देश्यात्मक नमुना छनोट विधिको आधारमा छनोट गरिएको छ । किनभने यस वडा

अनुसन्धान कर्ता स्वयम् बसोबासको ठाउँ भएकोले तथ्याङ्क सकंलन गर्न सजिलोहोस भन्ने उद्देश्यले यसलाई छनोट गरिएको हो ।

२. यस अध्ययन क्षेत्रमा रहेका ५६१ महिलाहरुको जनसंख्या मध्येवाट २०० जनालाई सम्भावना युक्त नमूना छनोट विधिको आधारमा व्यवस्थित (Systematic Random Sampling) नमूना छनोट विधिको प्रयोग गरि नमूना छनोट गरिएको छ ।

३. यस अध्ययनमा १८ देखि ६० बर्षका उमेरका विवाहित महिलाहरुको कुल जनसंख्या ५६१ मध्ये २०० जनालाई गोला चिट्ठा प्रथावाट छनोट गरिएको छ ।

## ३.४ अध्ययन क्षेत्रको छनोट गर्ने कारण (Reason for Selection of Study Area )

त्रिभूवन विश्व विद्यालयद्वरा निर्धारित पाठ्यक्रम अनुसार स्नातकोत्तर तहको उपादि प्राप्तिको आंशिक आवश्यकता परिपुर्तीको लागि शिक्षाशास्त्र अध्ययन गर्ने विद्यार्थिको लागि शोधपत्र तयार गर्नुपर्ने भएकोले अनुसन्धानका लागि झापा जिल्ला कचनकवल गाउँपालिका ६ लाइ अध्ययन स्थालको रुपमा छनोट गरिएको छ । उक्त क्षेत्र छनौट गर्नुका मुख्य कारणहरु यसप्रकार छन् ।

१.अध्ययन कर्ताको रुची र पूर्ण जानकारी भएको क्षेत्र भएकोले ।

२. महिला सशक्तिकरणका कार्यक्रमहरु भएपनि चेतनाको स्तरमा परिवर्तन आउन नसकेका कारण पत्ता लगाउन ।

३. आवश्यक पर्ने विभिन्न तथ्यांक तथा विवरणहरु सहजै उपलव्ध हुन सक्ने भएकाले ।

४. शिक्षित भएरपनि सामाजिक कुसंसकार वाट टाढा रहन नसक्नुको कारण पत्ता लगाउन ।

## ३.५तथ्याङ्क संकलन प्रकृया (Data Collection Procedure)

यस अध्ययनको उद्देश्य परिपूर्तिको लागि आवश्यक पर्ने प्राथामिक तथ्यांक संकलन गर्न अध्ययन कर्ता प्रश्नावलि लीएर स्वयम अध्ययन क्षेत्रमा पुगि प्रत्यक्ष रुपमा उत्तरदातालाई भेटघाट गरि आफ्नो उद्देश्य स्पस्ट रुपमा प्रष्ट पार्दै सूचना सङ्कलन गरिएको थियो । अध्ययनको लागि अध्ययनकर्ता स्वयम् द्वितीय स्रोतहरुसंग पुगेर तथ्याङ्क सङ्कलन गरिएको थियो ।

### ३.६ तथ्याङ्क सङ्कलन साधनहरु (Tools of Data Collection)

यस अनुसन्धानका निमित्त तथ्याङ्कहरु संकलन गर्ने प्रमूख औजार प्रश्नावली हो ।यस वाहेक अवलोकन र असंरक्षित अन्तरवार्ता विधिको प्रयोग गरिएको छ । जसलाई यस प्रकार उल्लेख गरिएको छ ।

#### ३.६.१ प्रश्नवाली (Questionnaire)

यस अनुसन्धानमा तथ्याङ्कहरु सङ्कलनका लागि नमुना छनोटमा परेका महिलाहरुको लागि प्रश्नावलि निमार्ण गरिएको छ । निमार्ण गरिएको प्रश्नावली महिलाहरुको सामाजिक अवस्था, आर्थिक अवस्था,शैक्षिक अवस्था, निर्णय प्रकृयामा उनिहरुको भूमिका सम्बन्धि पत्ता लगाउन प्रयोग गरिएको छ । उक्त प्रश्नावलीलाई अनुसूची १ मा राखीएको छ ।

#### ३.६.२ अवलोकन सूची (Observation List)

यस अध्ययनको उद्देश्य पुरा गर्न अध्ययनकर्ता स्वयम नमुना छनोटमा परेका महिलाहरुको घरघुरिमा प्रत्यक्ष गएर उनिहरुले बस्दैगरेको घरको अवस्था, सरसफाई,घरभित्रको सजावट, घरवरिपरीको जग्गा जमिन, बोलीचाली, खानेपानिको अवस्था, शौचालयको अवस्था, आदि कुराहरुको वारेमा प्रत्यक्ष रुपमा अवलोकन गर्न अवलोकन सूची तयार गरिएको थियो ।

#### ३.६.३ छलफल निर्देशिका (Discussion Guide)

यस अध्ययन क्षेत्रका महिलाहरुको आम्दानिको स्रोतहरु, खर्चका क्षेत्रहरु, महिला सशक्तिकरणले सामाजिक, आर्थिक तथा शैक्षिक क्षेत्रमा पुर्याएको योगदान साथै महिलाहरुले भोगिएको समस्या र त्यसलाई समाधान गर्नु पर्ने महिलाहरु सम्वन्धि कार्यक्रमलाई प्रभावकारि वनाउन अपनाउनुपर्ने उपायहरुको लागि नमुना छनोटमा परेका महिलाहरु संग छलफल गरि आवश्यक तथ्याङ्क सङ्कलन गर्न छलफल निर्देशिका तयार गरिएको थियो ॥

### ३.७ तथ्याङ्क सङ्कलनका तरिकाहरु (Techniques of Data Collection)

यस अध्ययनमा तथ्याङ्क सङ्कलनको लागि निम्न विधिको प्रयोग गरिएको छ ।

### ३.७.१ अन्तर्वाता (**Interview**)

यस अनुसन्धानको लागि आवश्यक तथ्याङ्क संकलनका लागि अनुसन्धान कर्ता स्वयम् अध्ययन क्षेत्रमा उपस्थित भएर महिलाहरु सँग  प्रत्यक्ष मौखिक अन्तरवार्ता लिएको छ । अध्ययनलाई उद्देश्य मुलक बनाउनको लागि महिलाहरुको शैक्षिक अवस्था, आर्थिक अवस्था उनिहरुले भोगिरहेको सामाजिक समस्याहरु, परिवारको किसिम,निर्णय प्रकृयामा उनिहरुको सहभागिता आदि पक्षसँग सम्बन्धित तथ्याङ्क सङ्कलन गरिएको छ ।

### ३.७.२ प्रत्यक्ष अवलोकन (**Direct Observation**)

यस अध्ययनको उद्देश्य पुरा गर्न अध्ययनकर्ता स्वयम् नमूना छनोटमा परेका महिलाहरुको घरधुरीमा प्रत्यक्ष रुपमा गएर उनिहरुले बस्दै गरेको घरको अवस्था घरभित्रको सजावट, घर भित्र र वाहिरको सरसफाई,खानेपानिको अवस्था आदि कुराहरुको बारेमा प्रत्यक्ष अवलोकन स्वयम् अध्ययनकर्ताको आफ्नै सहभागितामा गरिएको थियो ।

### ३.७.३ लक्षित समुह छलफल (**Focused Group Discussion**)

यस अध्ययनको उद्देश्य पुरा गर्ने शिलशिलामा अनुसन्धान कर्ता स्वयम् उपस्थित भई आफ्नो क्षेत्रमा बसोवास गर्ने सम्पूर्ण विवाहित महिलाहरु मध्ये नमूना छनोटमा परेका हरेक समुदायमा २० जना महिलाहरु र घरमूलीहरु मध्ये १५ जना , वुद्धिजिवि २ जना , स्वयम्सेविका १ जना समाजसेवि २ जना गरि ४० जनाको समुहलाई  ४ भागमा पर्ने गरि १० जनाको समूहमा पर्ने गरि साझा भवनमा सामाजिक स्वयमसेविका दिदि पार्वती राजवंशीको सहयोगमा उनिहरुको उत्तर टिपोट गरिएको थियो । यसरी टिपेको उत्तर विश्लेषण गरी त्यस वाट आवश्यक तथ्याङ्क संकलन गरियो । यो छलफल गर्दा लक्षित समुह छलफल निर्देशिका र छलफलको लागि प्रश्न पत्र निर्माण गरिएको छ ।

## ३.८ तथ्याङ्कको विश्लेषणका तौरतरिकाहरु (**Data Analysis Procedure**)

यस अनुसन्धानको उद्देश्य पूर्तिका लागि र संकलित तथ्यांकलाई व्यवसथित तरिकाले प्रस्तुत गर्नका लागि तथ्यांकका सर्वमान्य विधि प्रयोग गरि प्रतिशत, औषत निकाल्ने , तालिकि करण गर्ने र यसरि प्राप्त भएका तथ्यांकलाई प्रतिशत , औषत र वृत्तचित्र, तालिकाको सहायताले तथ्यांकको विश्लेषण गरी निष्कर्ष निकालिने छ ।

## अध्याय : चार

## (CHAPTER : FOUR )

### ४.तथ्यांङ्कको प्रस्तुतिकरण र विश्लेषण(ANALYSIS AND INTERPRETATION OF DATA)

यस अनुसन्धानको क्रमका विभिन्न साधनहरुबाट संकलन गरीएका तथ्यांङ्कहरुलाई विभिन्न शीर्षकमा विभाजन गरी सरल र स्पष्ट भाषामा विश्लेषण गरीएको छ । साथै प्रारम्भिक रुपमा संकलित कोरा तथ्यांङ्कबाट कुनै पनि सुचना स्पष्ट रुपमा व्यक्त नहुने हुँदा तथ्याङ्कको विश्लेशण गर्नुपर्ने हुन्छ ।अध्ययनको उद्देश्य पुरा गर्नका लागी प्रारम्भमा अध्ययन क्षेत्रको रुपमा रहेको झापा जिल्ला र कचनकवल गाउपालिकाको समग्र परिचयलाई प्रस्तुत गरी प्राप्त तथ्यांङ्कलाई निम्न बुँदाहरुमा क्रमबद्ध गरिएको छ ।

### ४.१ अध्ययन क्षेत्रको परिचय ( Introduction of Study Area )

नेपालको प्रदेश नं. १ अन्तर्गतका १४ वटा जिल्लाहरु मध्ये सुदुरपुर्वमा पर्ने झापा जिल्ला स्थित कचनकवल गाउँपालिका यस अध्ययनको क्षेत्र भएकाले उक्त क्षेत्रको संक्षिप्त परिचय यहाँ प्रस्तुत गरिएको छ ।

### ४.१.१ झापा जिल्लाको परिचय (Interoduction of Jhapa District)

नेपाल अधिराज्यको मान चित्रमा ८७̊३९' पूर्वी देशान्तर देखि ८८̊१२' पूर्वी देशान्त सम्म फैलिएको छ भने २६̊२०' अक्षांस देखि २६̊५०'उत्तरी अक्षांस सम्म फैलिएको झापा जिल्लाको कूल क्षेत्रफल १,६०६  वर्ग किलोमिटर रहेको छ । यस जिल्लाको  पुर्व -पश्चिम लम्वाई ४६ किलोमिटर छ भने उत्तर - दक्षिण चौढाई२९ किलोमिटर रहेको छ ।यो जिल्ला सामुन्द्रिक सतह देखि न्यूनतम ६३ र अधिकतम ३८० मिटरको उचाईमा अवसथित छ । झापा जिल्ला प्रदेश नं. १ अन्तरगतको मेची अञ्चलमा पर्ने एक तराईको जिल्ला हो । यो जिल्ला पुर्ण रुपमा तराईमा पर्द छ ।यो जिल्ला नेपालको सुदुर पूर्वमा पर्दछ । यो जिल्लाको सिमाना पूर्वमा मेची नदि, दक्षिणमा भारतको विहार,पश्चिममा मोरङ्ग जिल्ला र उत्तरमा ईलाम जिल्ला पर्दछ । भारतसँगको पूर्वी नाकालाई यसै जिल्लाले जोडेको छ । यस झापा जिल्लामा ९ ओटा नगरपालिका ६ ओटा गाउँपालिका रहेका छन् । यस जिल्लाको सदरमूकाम चन्द्रगढी हो । जुन अध्ययन क्षेत्रवाट करिब १९ कि. मि को दुरिमा पर्दछ ( जि. वि. स. झापा ,२०७४) ।

यो जिल्ला पूर्ण रुपमा  समथल भूभागले बनेको छ । यहाको माटो उत्पादनको दृष्टिकोणले अत्याधिक उर्भर छ । यस जिल्लाको कूल क्षेत्रफलको ९३.९ प्रतिशत भूभाग कृषि व्यवसायको लागि एकदमै उपयूक्त रहेको छ । कूल क्षेत्रफलको १०.३ प्रतिशत वन क्षेत्र रहेको छ भने ३.३ प्रतिशत जमिनमा नदिनालाहरु रहेका छन् । यस जिल्लाको मूख्य बाली धाँन हो भने हाल आएर झापा जिल्लामा चिया खेति पनि उतिकै मौलाउदै गइरहेको छ । यहाको करिव १.६ प्रतिशत जमिनमा चियाखेति गरिएको छ । यसैगरि मकै, सनपाट,तोरि आदि पनि यस जिल्लामा मूखय वालिमा पर्दछन् ( जि.वि.स. झापा,२०७४) ।

नेपालको जनगणना २०६८ का अनुसार यस जिल्लामा १ लाख ३६ हजार ५ सय ४३ घर परिवार रहेकाछन् भने कुल जनसंख्या ८ लाख १२ हजार ६ सय ५० रहेका छन् ।  यस मध्ये कुल जनसङ्ख्याको ४९.६६ प्रतिशत पुरुष छन् भने ५०.४४ प्रतिशत महिला रहेका छन् । यहाको औसत परिवार सङ्ख्या ५.१ जना रहेका छन् । यहाँको जनघनत्व प्रति वर्ग किलोमिटर ४२८ जना रहेको छ । यस जिल्लाको जनसङ्ख्या बृद्धिदर १.४८ प्रतिसत रहेको छ भने साक्षरता दर ७३.९ प्रतिशत रहेको छ । यस जिल्लाको जनसङ्ख्यामा जातिय, धार्मीक, तथा भाषिक विभिधता पाईन्छ । यस जिल्लाको उत्तरि भेगमा ब्राह्मण,क्षेत्री, नेवार,राई,लिम्बु,गुरुङ्ग,तामाङ्ग,मगर  दमाई,कामि आदिको बाहुल्यता रहेको छ भने दक्षिणी भेगमा विशेष गरेर तराईका मूलका राजवंशी,चौधरी सतार ,धिमाल ,मेचे ,आदिको बाहुल्यता रहेको छ । यस्तै यस जिल्लाको दक्षिण पूर्वी भेगमा मुस्लिम समुदायको पनि वाहुल्यता रहेको छ । यस जिल्लामा विशेष गरेर नेपाली, राजवंशी, मैथिलि आदि भाषा बढी प्रयोगमा आउने गर्दछ भने प्रायः सबै समुदायले आफ्नो मातृभाषा नै बोल्ने गर्दछन् ( जि.वि.स. झापा २०७४) ।

### ४.१.२ झापा जिल्लाको भौगोलिक अवस्था (Geographical Position of Jhapa District)

झापा जिल्ला नेपालको प्रदेश नं. १ क्षेत्र अर्न्तगत मेची अञ्चलमा पर्ने अत्यधिक उर्वर तथा घनावस्ती भएको तराईको एक जिल्ला हो । उत्तरी भाग पहाडी पर्वतमालाले सजिएको यस जिल्लाको अतिरिक्त सम्पुर्ण भुःभाग तराई पर्दछ । यसको उत्तरी सिमाना इलाम, पूर्वी सिमाना मेची नदी, पश्चिममा मोरङ्ग र दक्षिणमा विहार पर्दछ । यो जिल्लाको पूर्वमा मेची नदीले भारतको पश्चिम वंगालसँग सिमाना छुट्याएको छ । ६ वटा गाउँपालिका, ९ वटा नगरपालिका, ७ संसदीय निर्वाचन क्षेत्र, १७ इलाकाहरु र १९३४ वस्तीहरु रहेको यस

जिल्लाको सदरमुकाम चन्द्रगढी हो जुन पूर्व पश्चिम राजमार्गको विर्तामोडबाट १३ कि.मि. दक्षिणमा पर्दछ(जि.वि.स. झापा, २०७४) ।

नेपालको कुल क्षेत्रफलको ०.११ प्रतिशत ओगटेको झापा जिल्ला भौगोलिक रुपमा ८७° ३९’ देखि ८८° १२’ पूर्वी देशान्तर र २६° २०’ देखि २६° ५०’ उत्तरी अक्षांशमा अवस्थित रहेको छ । यस जिल्ला सामुद्रिक सतहबाट न्युनतम ७० मिटर देखि अधिकतम ५०० मिटरको उचाईमा रहेको छ । नेपालको सबैभन्दा लामो पक्कि कन्काई पुल (७०३मि.) पनि यसै जिल्लामा पर्दछ । देशको केन्द्रीय राजनीतिमा मुख्य भूमिका खेल्दै आएको झापा जिल्ला खाद्यान्न उत्पादनको लागि पनि प्रख्यात जिल्लाको रुपमा रहेको छ । यहाँका मुख्य ब्यापारीक सहरहरुमा विर्तामोड, काँकरभिट्टा र दमक पर्दछन । यस जिल्लाको प्रसिद्ध पर्यटकीय एवं तिर्थस्थलहरुमा कन्काई धाम, अर्जुनधारा, जामुनखाडी सिमसार क्षेत्र, किच्चकवध, कृष्णथुम्की, विराटपोखरी र दोमुखा पर्दछन भने प्रमुख नदी भनेर कन्काई, विरिङ, रतुवा, मावा र मेची नदीलाई मानिन्छ । शताब्दीऔं देखि वनजंगलले ढाकिएको वा छोपिएको हुँदा यस ठाउँको नाम झापा रहिआएको देखिन्छ(जि.वि.स. झापा,२०७४) ।

मानव विकासको समग्र सुचकांङ्कमा तेस्रो स्थानमा रहेको झापा जिल्लाको कुल क्षेत्रफल १६०६ वर्ग कि.मि. रहेको छ । यस जिल्लाको पूर्व पश्चिम औसत लम्बाई लगभग ४६ कि.मि. रहेको छ भने उत्तर दक्षिण औसत चौडाइ लगभग २९ कि.मि. रहेको छ । वि.सं. २०६८ को जनगणना अनुसार यहाँको जनसंख्या ८,१२,६५० रहेको छ । हावापानीको दृष्टिकोणले यस जिल्लामा जाडो मौसममा धेरै जाडो र गर्मी मौसममा धेरै गर्मी हुने गर्दछ । गर्मी मौसम अर्थात चैत बैशाखको समयमा अधिकतम ३८ डिग्री सेल्सियम र न्युनतम १५ डिग्री सेल्सियम तापक्रम पुग्दछ भने जाडो मौसम अर्थात पुस माघ महिनामा अधिकतम २८ देखि १० डिग्री सेल्सियम सम्म तापक्रम हुने गर्दछ । आषाढ श्रावण महिनामा भने वर्षा अधिक हुने गर्दछ । यो जिल्ला पुर्ण रुपमा समथल भु:भाग मिलेर बनेको छ भने यहाँको माटो उत्पादनको दृष्टिकोणले धेरै उर्बर छ । जिल्लाको कुल क्षेत्रफलको ९३.९० प्रतिशत भूमि कृषि व्यवसायको लागि एकदमै उपयुक्त देखिन्छ । कुल क्षेत्रफलको १०.३० प्रतिशत भूमिमा वन क्षेत्र रहेको छ भने १.३० प्रतिशतमा नदीनालाहरु रहेका छन् । त्यस्तैगरी झापा जिल्लाको वातावरणमा जातिय, धार्मिक तथा अन्य रुपमा विविधता रहेको पाइन्छ । उत्तरी क्षेत्रबाट बसाई सरेर आउनेको संख्या बढ्दो भएकाले यहाँको जनसंख्या पनि थोरै समयमा परिवर्तन भइरहने गर्दछ । यस जिल्लाको उत्तरी भेगमा बाह्रमण, क्षेत्री, नेवार, राई, लिम्बु,

गुरुङ्ग, मगर, कामी, दमाई आदि जातिहरुको बाहुल्यता रहेको छ भने दक्षिणी भेगतिर मुख्य गरेर तराई मुलका राजवंशी, चौधरी, सतार, धिमाल, मेचे आदि जातिहरुको बाहुल्यता रहेको छ (जि.वि.स. झापा,२०७४) ।

### ४.१.३ हावापानीको अवस्था (Situation of Climate)

झापा जिल्लाको हावापानीको अवस्था हेर्दा यहाँ मनसुनी हावापानी पाइन्छ अर्थात अर्ध उष्ण र उपोष्ण प्रकृतिको हावापानी रहेको छ । गृष्मकालमा यहाँको हावापानी ३२ डिग्री सेल्सियम देखि ३५ डिग्री सेल्सियम सम्म पुग्दछ भने शितकालमा १५$^{\circ}$ देखि १०$^{\circ}$ सेल्सियम सम्म झर्दछ । कुनै वर्ष अधिकतम तापक्रम ४२$^{\circ}$ सेल्सियम सम्म पुगेको र ८$^{\circ}$ सेल्सियम सम्म झरेको पाइन्छ । वर्षा ऋतुमा हिन्द महासागरको वंगालको खाडीबाट आउने मनसुनी हावाबाट यहाँ २७१.७५ मिलिमिटर सम्म वर्षा हुने गरेको पाइन्छ । यहाँको हावापानी ज्यादै उष्ण र शुष्क हुने हुँदा स्वास्थ्यको लागि उपयोगी नभएपनि कृषि कार्यका लागि उपयोगी मानिन्छ (जि.वि.स. झापा, २०७४) ।

### ४.१.४ आर्थिक अवस्था(Economic Situation)

झापा जिल्लामा आर्थिक व्यवसायको रुपमा अनेकौं व्यवसायहरु रहेका छन । यहाँका अधिकांश व्यक्तिहरु कृषि पेशामा आत्मनिर्भर रहेका छन । नेपालको धान र तरकारी उत्पादन गर्ने प्रमुख जिल्लाका रुपमा झापा जिल्लालाई चिनिन्छ । यस जिल्लाको मुख्य खेती भनेको धान, मकै, चिया, गहुँ, तरकारी खेती रहेको छ । यहाँका अधिकांश मानिसहरुको आयस्रोत खेती भएपनि व्यापार व्यवसायमा पनि उत्तिकै सम्लग्न रहेको पाइन्छ । त्यस्तैगरी निजामति कर्मचारी, शिक्षण पेशामा पनि आवद्ध छन् । यस जिल्लामा मध्यम परिवारका मानिसहरु रहेका हुनाले आर्थिक सुधारको निम्ति वैदेशिक रोजगारीको निम्ति जानेको संख्या प्रशस्तै रहेको पाइन्छ । झापामा घना जंगल भएकोले यहाँ हर्रो, बर्रो, तितेपाति, अमला, कुरिलो, टिमुर, सल्ला, रिदण जस्ता जडिबुटिहरु पाइन्छन । यस जिल्लाको अधिकांश भाग सडकले जोडिएको छ भने हवाई मैदान पनि रहेको छ (जि.वि.स. झापा,२०७४) ।

### ४.१.५ सामनजिक अवस्था (**Social Condition**)

झापा जिल्लामा विभिन्न जातजातिको बसोबास रहेको छ तराईमा पर्ने यो जिल्ला जनजाति ,मधेशी, दलित र अन्य रहेका छने । विभिन्न जातजातिको वसोवास रहेतापनि यस जिल्लामा जातिय र धार्मिक सहिष्णुता रहेको छ ।

## ४.२ कचनकवल गाउँपालिका‍को परिचय(Introduction to the Kachankawal Rural Municipality)

कचनकवल गाउँपालिका झापा जिल्लाको ६ ओटा गाउँपालिका मध्ये एक गाउँपालिका हो । यो गाउँपालिका झापा जिल्लाको सदरमुकाम वाट १९ किलोमिटर दक्षिणमा रहेको छ ।यस गाउँपालिकाको उत्तरि सिमाना भद्रपुर नगरपालिका , दक्षिण र पूर्व सिमानामना भारतको विहार राज्य , पश्चिममा हल्दीवारी गाउँपालिका र वाह्रदशी गाउँपालिका रहेको छ । यस जिल्लाका विभिन्न गाउँपालिका मध्ये कृषि उत्पादनका लागि परिचित छ । यस गाउँपालिकामा विभिन्न सरकारि र गैर सरकारी संघ संस्थाहरु सञ्चालनमा रहेका छन् ।

### ४.२.१ जनसाङ्ख्यिकिय अवस्था (Demographic Situation)

यस गाउँपालिका क्षेत्र वरपर पातलो वस्ती रहेको छ । २०६८ सालको जनगणना अनुसार यस गाउँपालिकाको कुल जनसंख्या ६०,१७४ जना रहेको छ । जसमा पुरुषको संख्या २९२१७ रहेको छ भने महिलाको संख्या ३०९५७ रहेको छ । यस गाउँपालिकामा १३२५३ घरधुरी छन भने जनसंख्या वृद्धिदर ३.४५ देखिन्छ । यहाँ वसोवास गर्ने जातिहरुमा मुख्य गरेर राजवंशी, क्षेत्री, ब्राहमण, राई , लिम्बुको बाहुल्यता रहेको छ (कचनकवल गा.पा.,२०७४) ।

### ४.२.२ शैक्षिक अवस्था (Educational Situation)

शैक्षिक क्षेत्रमा कचनकवल गाउँपालिकाको प्राय मानिस हरु साक्षर छन् । वि.स. २०६८ सालको गणना अनुसार मैले अध्ययन गर्ने कचनकवल गाउँपालिका को ५ बर्ष माथिको जनसङ्ख्या ५८२० रहेको छ भने कूल साक्षरता दर ७१ दसमलब ३२ प्रतिशत रहेको छ । कचनकवल गाउँपालिका को साक्षरता दरलाई निम्न तालिका वाट प्रष्ट पार्न सकिन्छ ।

**तालिका ४.१**

**कचनकवल गाउँरपालिका को शाक्षरता दर : २०६८**

| लिङ्ग | पढ्न र लेख्न सक्ने | पढ्न मात्र सक्ने | पढ्नर लेख्न नसक्ने | जनसङ्ख्या | साक्षरतादर |
|---|---|---|---|---|---|
| पूरुष | | १८ | १६३ | २७०२ | ८२.२० |
| महिला | १९३० | ३५ | ११५३ | ३११८ | ६१.९० |
| जम्मा | ४१५१ | ५३ | १६१६ | ५८२० | ७१.३२ |

स्रोतःगाउँपालिका कार्यलय बनियानी झापा,(२०७४)

तालिका ४.१ मा कचनकवल गाउँपालिका को साक्षरता दर देखाईएको छ । जसमा पुरुष साक्षरता दर ८२.२० रहेको छ भने महिला साक्षरता दर ६१.९० रहेको छ यसरि हेर्दा कचनकवल गाउँपालिका को कूल साक्षरता दर ७१.३२ रहेको छ ।

### ४.२.३ आर्थिक अवस्था(Economic Situation)

यस गाउँपालिकाको आर्थिक अवस्थाको विश्लेषण गर्दा प्रमुख पेशामा कृषि रहेको छ भने मारवाडी समुदायको व्यापार हो भने क्षेत्री, ब्राह्मणको कृषि, नोकरी, उद्योग पर्दछन । यहाँ मजदुरको रुपमा काम गर्नेको संख्या पनि धेरै रहेको छ भने शिक्षित वर्गहरुले शिक्षण कार्य गर्दै आएका छन । त्यस्तै गरी वैदेशिक रोजगारीमा जानेको संख्या पनि अत्यधिक रहेको देखिन्छ । यहाँ केहि मात्रामा बैंक तथा वित्तिय संस्थाहरु पनि सञ्चालनमा रहेका छन्( कचनकवल गा.पा., २०७४) ।

### ४.२.४ हावापानीको अवस्था (Situation of Climate)

कचनकवल गाउँपालिकाको हावापानीको अवस्था हेर्दा यहाँ गृष्मकालमा अत्यधिक गर्मी हुने र शितकालमा सुख्खा र अत्यधिक जाडो हुने गर्दछ । गृष्मकालमा यहाँको तापक्रम बढिमा ४० डिग्री सेल्सियस र शितकालमा तापक्रम कम्तिमा २ डिग्री सेल्सियस सम्म हुने गरेको छ । यहाँ मनसुनको समयमा अत्यधिक मात्रामा वर्षा हुने गर्दछ भने शितकालमा थोरै मात्रामा वर्षा हुने वा वर्षा नै नहुने पनि गर्दछ । स्वास्थ्यका दृष्टिले खासै उपयुक्त हावापानी नभएतापनि कृषिको लागि भने उपयुक्त हुने देखिन्छ (कचनकवल गा.पा., २०७४)

### ४.२.५ सामाजिक तथा धार्मिक अवस्था (**Social and Religious Condition**)

कचनकवल गाउँपालिकामा विभिन्न जातजातिको बसोवास रहेको छ । याहाँ मधेशी जातिको वाहुल्यता भएपनि अन्य ब्राह्मण, क्षेत्री, राई, लिम्बु, गुरुङ्ग,मगर,तामाङ्ग,कामि, दमाई, मिया,सतार गन्दर्भ आदि जातिहरु पनि बसोवास आफ्नै धार्मिक ,सास्कृतिक, भाषिक र जीवन शैलिमा विविधता रहेको छन् । यहाँ हिन्दु, बौद्धिक, किराँत, मुस्लिम, किश्चियन आदि धर्म मान्दछन् । (कचनकवल गा.पा.२०७४ )

### ४.३ नमुना छनोट महिलाहरुको साकाजिक अवस्था ( Social Condition of Sampled Women)

सामाजिक अवस्था अन्तर्गत परिवारको किसिम, छोराछोरी प्रतिको धारण, घरयासि कामकाजमा पुरुषको सहयोग, दाइजो प्रथा सम्वन्धि धारणा, विवाह गर्दाको उमेर, विरामी हुदाँ जानेठाउँ आदिको वारेमा विश्लेषण गरिएको छ ।

### ४.३.१ परिवारको किसिम (**Family Structure** )

अध्ययन क्षेत्रमा बसोवास गर्ने उत्तरदाता महिलाहरुको परिवारको किसिम कस्तो छ भन्ने बारेमा जानकारि लिनको लागि प्रश्नावलि समावेश गरिएको थियो । जसवाट प्राप्त परिमाणलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ४.२**

**नमुनाछनोटमा परेका महिलाहरुको परिवारको किसिम - २०७४**

| क.स. | परिवारको किसिम | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | एकल | १५१ | ७५.५ |
| २ | संयुक्त | ४९ | २४.५ |
| जम्मा | | २०० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण - (२०७४)

यस तालिका अनुसार ७५.५ प्रतिशत महिलाहरु एकल परिवारमा बसेको पाइयो । २४.५ प्रतिशत महिलाहरु मात्र संयुक्त परिवारमा बसोबास गरेको पाइयो । यस वाट के प्रष्ट हुन्छ भने आजको समयमा ग्रामिण परिवारमा पनि एकल परिवारको संख्या बढ्दै गएको पाइयो ।

### ४.३.२ छोराछोरी प्रतिको चाहना (Desire of the Children)

नमुना छनोटमा परेका महिलाहरुको छोरा र छोरीमा कसको चाहना वढि छ वा छोरा छोरी प्रतिको धारणा कस्तो छ भनि प्रस्नावलि समावेस गरिएको थियो । यसको विवरण निम्नानुसार रहेको छ

**तालिका ४.३**

**छोराछोरीप्रतिको चाहाना विवरण -२०७४**

| क.स. | विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | छोरा | ७५ | ३७.५ |
| २ | छोरी | ४५ | २२.५ |
| ३ | दुवै | ८० | ४० |
| जम्मा | | २०० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, (२०७४) ।

माथिको यस तालिका अनुसार ३७.५ प्रतिशत महिलाहरुको छोरा नभई नहुने धारणा राखेको पाईयो भने २२.५ प्रतिशतले छोरी मात्र भएनि पुग्ने भन्ने धारणा राखेको पाईयो भने छोरा छोरी दुवै को चाहाना राख्नेमा ४० प्रतिशत महिलाहरु पाइयो ।

### ४.३.३ घरयासी कामकाजमा पुरुषको सहयोग (Support of Male in House Works)

प्रय: जसो महिलाहरु घरयासी कामकाजमानै व्यस्त रहन्छन् । सवैभन्दा पहिला उठ्ने र बेलुका सवै काम सकेपछि ढिलो सुत्ने महिलानै हुन्छन् । घरयासी कामकाजको साथै खेतिपातिर जागिरमा पनि महिलाहरु संलग्न रहेको पाइयो । नमुना छनोटमा परेका महिलाहरुको घरयासी कामकाजमा पुरुषको सहयोग प्राप्त गरेका छन्, छैनन् भन्ने कुरा तल तालिकामा प्रष्ट रुपमा प्रस्तुत गरिएको छ ।

**तालिका ४.४**

**घरायसी काममा पुरुषको सहयोगको विवरण - २०७४**

| क.स. | विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १. | पाउँछु | ७६ | ३८ |
| २. | पाउँदिन | २७ | १३.५ |
| ३. | अलिअलि मात्र पाउँछु | ९७ | ४८.५ |
| जम्मा | | २०० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, (२०७४)

मथिको तालिका अनुसार घरयासी कामकाजमा ३८ प्रतिशत महिलाहरुलाई पुरुषले सहयोग गरेको पाइयो भने १३.५ प्रतिशत महिलाहरुलाई पुरुषले सहयोग नगर्ने गरेको पाइयो । त्यसैगरि ४८.५ प्रतिशत महिलाहरुलाई घरायसी काममा पुरुषले अलि अलि मात्र सहयोग गर्ने गरेको पाइयो ।

### ४.३.४ दाइजो प्रथा सम्वन्धि धारणा (Concept of Dowry System)

दाइजो प्रथा नेपाली समाजमा एउटा प्रमुख परम्पराको रुपमा रहँदै आएको छ । दाइजोको नाममा विभिन्न घटनाहरु दिनप्रतिदिन सुन्नमा आईरहेको छ । त्यसकारण अध्ययनमा परेका महिलाहरुलाई छोरि लाई दाइजो दिन ठिक छ वा छैन भनेर प्रश्नावली समावेश गरिएको थियो जसबाट प्रशन गर्दा निम्न उत्तर पाईयो ।

**तालिका ४.५**

**महिलाहरुको दाइजो प्रतिको प्रथा सम्वन्धि धारणा - २०७४**

| क.स. | विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १. | ठिक | १२ | ६ |
| २. | वेठिक | १८८ | ९४ |
| जम्मा | | २०० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, (२०७४) ।

माथिको तालिकाको आधारमा हेर्दा ६ प्रतिशत महिला दाइजो प्रथालाई अझै मान्यता दिने रहेछन्  भने ९४ प्रतिशत महिलाहरुले दाइजोदिनु बेठिक हो भनेको पाइयो । यस वाट के प्रष्ट हुन्छ भने महिलाहरुले आफ्नो विवाहमा दाइजो लिए पनि दाइजो प्रथा वेठिक हो भन्ने महिलाहरु वढि पाइयो ।

### ४.३.५ धर्म अनुसार महिलाहरुको विवरण (Distribution of Sampled Women by Religion)

यस अध्ययन क्षेत्रका महिलाहरुमा धार्मिक रुपमा पनि भिन्नता पाइयो । आ-आफ्नो जातिय विभिन्नतासँगै धार्मिक रुपमा पनि भिन्नता रहेको पाइन्छ । यसलाई निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ४.६**

**धर्म अनुसार महिलाहरुको विवरण - २०७४**

| क.स. | विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | हिन्दु | १७४ | ८७ |
| २ | बौद्ध | १८ | ९ |
| ३ | इसाई | ८ | ४ |
| जम्मा | | २०० | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, (२०७४)

यहाँ हिन्दु धर्म मान्ने सवैभन्दा वढी १७४ अर्थात् ८७ प्रतिशत रहेको छ भने बौद्ध धर्म मान्ने १८ अर्थात ९ प्रतिशत र इसाई धर्म मान्ने ८ अर्थात ४ प्रतिशत धर्मालम्बी महिलाहरु रहेको पाइयो ।

### ४.३.६ विवाह गर्दाको उमेर (Age of Marriage)

परम्परागत धारणा अनुसार सानै उमेरमा छोरीको विवाह गरेमा धर्म कमाउने जनविश्वासको कारण कलिलो उमेरमा नै छोरीको विवाह गरिएतापनि हाल यो धारणामा कमी आएको पाइन्छ । नमुना छनोटमा परेका महिलाहरुको विवाह कुन उमेरमा भएको रहेछ सो को अध्ययन गरिएको थियो । जसबाट प्राप्त नतिजालाई तलको तालिकामा देखाइएको छ ।

**तालिका ४.७**

**महिलाको विवाह गर्दाको उमेरको विवरण -२०७४**

| क.स. | विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १. | १५-१८ | ७२ | ३६ |
| २. | १९-२२ | ८२ | ४१ |
| ३. | २३ भन्दा माथि | ४६ | २३ |
| जम्मा | | २०० | १०० |

स्रोत स्थलगत सर्वेक्षण, (२०७४)

### ४.४ नमुना छनोटमा परेका महिलाको आर्थिक अवस्था (Economic Condition of Sampled Women)

महिला सशक्तिकरण हुनुको लागि विभिन्न पक्षहरुको आवश्यकता पर्दछ । तिनीहरुमध्ये आर्थिक अवस्थाहरु सँग सम्वन्धित तत्वहरु पेशा, आम्दानी, खर्च, बचत हुन् ।

### ४.४.१ महिलाहरुको व्यक्तिगत आर्थिक अवस्था (Personal Economic Condition of Women)

नमुना छनोटमा परेका महिलाहरुले के-कस्ता पेशा अपनाएका छन् कति आय प्राप्त गर्छन् कस्ता क्षेत्रमा के-कति खर्च गर्दछन् भन्ने कुरालाई महिलाहरुको व्यक्तिगत आर्थिक अवस्था अध्ययन गरिएको छ ।

#### १. महिलाहरुको पेशागत अवस्था (Professional Condition of Sampled Women )

मानिसहरु आफ्नो जीविकोपार्जनको लागि कुनै पेशामा आवद्ध हुन्छन् । कृषि,व्यापार, उद्योग, नोकरी वा अन्यकुनै व्यवसाय रोजगारीका स्रोतहरु हुन् । नमुना छनोटमा परेका महिलाहरु अपनाउने गरेका पेशागत विवरणलाई निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ४.८**

**नमुना छनोटमा परेका महिलाहरुको पेशागत विवरण - २०७४**


| क.स. | पेशा | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १. | कृषि | ८३ | ४१.५ |
| २. | व्यापार | ३८ | १९ |
| ३. | नोकरी | २२ | ११ |
| ४. | ज्यालामजदुरी | ४९ | २४.५ |
| ५. | वैदेशिक रोजगार | ८ | ४ |
| जम्मा | | २०० | १०० |

स्रोतः स्थलगत सर्वेक्षण,(२०७४)।

मथिको तालिका अनुसार नमूना छनोटमा परेका महिलाहरुले अपनाएका पेशामा कृषिमा ४१.५ प्रतिशत महिलाहरुको जनसङ्ख्या संलग्न रहेको पाइयो । त्यसगरी व्यपारमा १९ प्रतिशत महिलाहरुको जनसङ्ख्या संलग्न रहेको छन् । नोकरीमा ११ प्रतिशत, ज्याला मजदुरीमा २४.५ प्रतिशत र वैदेशिक रोजगारीमा सबैभन्दा कम ४ प्रतिशत महिलाहरु संलग्न रहेको पाइएको छ । यसलाई वृत्त चित्र वाट पनि देखाइएको छ ।

**चित्र ४.१**

**महिलाहरुको पेशागत अवस्था –२०७४**




**२. महिलाहरुको व्यक्तिगत स्रोत वार्षिक आम्दानी (Sectoral Income of Sampled Women )**

नमुना छनोटमा परेका महिलाहरुले के-कस्ता पेशा वा स्रोतवाट आम्दानी प्राप्त गर्दछन् त्यसको अध्ययन गरिएको थियो । छनोटमा परेका महिलाहरुको स्रोत गत आम्दानी विवरणलाई निम्नानुसार तालिकामा देखाइएको छ ।

### तालिका ४.९

### महिलाहरुको व्यक्तिगत स्रोतगत वार्षिक आम्दानी विवरण - २०७४


| क.स. | स्रोत | आम्दानी | प्रतिशत |
|---|---|---|---|
| १. | कृषि | ८२,२०,००० | १६.८० |
| २. | नोकरी | ७१,८०,००० | १४.६८ |
| ३. | व्यापार | २,००,००,००० | ४०.८९ |
| ४. | ज्यालामजदुरी | ४०,००,००० | ८.१७ |
| ५. | वैदेशिक रोजगारी | ९५००००० | १९.४२ |
| जम्मा | | ४,८९,००,००० | १०० |
| वर्षिक औसत | | २,४४,५०० | |

स्रोत : स्थलगत सर्वेक्षण,(२०७४)।

यस तालिका अनुसार नमूना छनोटमा परेका घरपरिवारको आम्दानीको स्रोतहरु अन्तर्गत कृषिबाट ८२ लाख अर्थात १६.८० प्रतिशत,नोकरी बाट ७१ लाख अर्थात १४.६८ प्रतिशत, व्यापार वाट २ करोड अर्थात् ४०.८९ प्रतिशत, ज्याला मजदुरी वाट ४० लाख अर्थात ८.१७ प्रतिशत र वैदेशिक रोजगारी बाट ९५ लाख अर्थात १९.४२ प्रतिशत घरपरिवारले आम्दानी प्रप्त गरेको पाइन्छ । जसलाइ वृत्त चित्र वाट पनि देखाइएको छ ।

### चित्र ४.२

### महिलाहरुको व्यक्तिगत स्रोतगत वार्षिक आम्दानी-२०७४



### ३. महिलाहरुको व्यक्तिगत तहगत वार्षिक आम्दानी (**Levelwise Income of Sampled Women**)

नमुना छनोट महिलाहरुको आर्थिक अवस्थाको अध्ययनको क्रममा उनिहरुको तहगत आम्दानीलाई पनि अध्ययन गरिएको थियो । उक्त अध्ययन वाट प्राप्त आम्दानीको नतिजालाई तल तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ४.१०**

**नमुना छनोटमा परेका महिलाहरुको व्यक्तिगत तहगत वार्षिक आम्दानि - २०७४**

| क.स. | तहगत आम्दानि (हजारमा) | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १. | ०-५० | २४ | १२ |
| २. | ५०-१०० | ६५ | ३२.५ |
| ३. | १००-१५० | ६१ | ३०.५ |
| ४. | १५०-२०० | ३३ | १६.५ |
| ५. | २०० भन्दा माथि | १७ | ८.५ |
| जम्मा | | २०० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, (२०७४) ।

मथिका तालिका अनुसार नमुना छनोटमा परेका २०० महिलाहरुको व्यक्तिगत तहगत आम्दानीलाई हेर्दा ५० हजार सम्म आम्दानी प्राप्त गर्ने महिलाहरु २४ अर्थात १२ प्रतिशत,त्यस्तै ५० हजार देखि १ लाख सम्म ६५ जना अर्थात ३२.५ प्रतिशत रहेका छन् । त्यस्तै गरी १ लाख ५० हजार सम्म आम्दानी गर्ने ६१ ज्ना अर्थात ३०.५ प्रतिशत र १ लाख ५० हजार देखि २ लाख सम्म ३३ जना अर्थात १६.५ प्रतिशत र २ लाख भन्दा माथि १७ जना अर्थात ८.५ प्रतिशत आम्दानि प्राप्त गरेको पाइयो ।

## ४. महिलाहरुको व्यक्तिगत क्षेत्रगत वार्षिक खर्च (**Sectoral Expenditure of Sampled Women**)

नमुना छनोटमा महिलाहरुले प्राप्त गरेको आफ्नो व्यक्तिगत आम्दानिवाट के-कस्ता क्षेत्रमा के-कति खर्च गर्दा रहेछन् भनी अध्ययन गरिएकोथियो, जसलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ४.११**

**महिलाहरुको व्यक्तिगत क्षेत्रगत वार्षिक खर्च -२०७४**


| क.स. | **खर्च विवरण** | **खर्च (रु. मा )** | **प्रतिशत** |
|---|---|---|---|
| १ | उपभोग | १,२७,६६,५३२ | ३१.१० |
| २ | शिक्षा | १,०२,९०,४२२ | २७.५१ |
| ३ | स्वास्थ्य | १,०२,३१,४५२ | २४.९२ |
| ४ | चाडपर्व | ३६,१५,४०१ | ८.८१ |
| ५ | अन्य | ३१,३८,४०४ | ७.६४ |
| जम्मा | | ४,१०,४१,००० | १०० |
| वर्षिक औसत खर्च | | २,०५,२०५ | |

स्रोत :स्थलगत सर्वेक्षण ,(२०७४) ।

माथिको तालिका अनुसार नमुना छनोटमा परेका महिलाहरुको क्षेत्रगत खर्चको रुपमा सबैभन्दा बढी उपभोग मा रु. १,२७,६६,५३२ अर्थात ३१.१० प्रतिशत र शिक्षामा रु.१,०२,९०,४२२ अर्थात २७.५१ स्वास्थ्यमा रु. १,०२,३१,४५२ अर्थात २४.९२ प्रतिशत, चाडपर्वमा रु. ३६,१५,४०१ अर्थात ८.८१ प्रतिशत र अन्यमा रु. ३१,३८,४०४ अर्थात ७.६४ गरी जम्मा कुल क्षेत्रगत वार्षिक खर्च रु.४,१०,४१,००० रहेको पाइयो ।

चित्र ४.३

महिलाहरुको व्यक्तिगत क्षेत्रगत वार्षिक खर्च -२०७४




**५. महिलाहरुको व्यक्तिगत तहगत वार्षिक खर्चको अवस्था (Condition of Expenditure)**

परिवारिक जीवनस्थर निर्धारण गर्ने एउटा महत्वपुर्ण पक्ष खर्चको अवस्थापनि हो । नमुना छनोट महिलाहरुको आथिर्क अवस्थाको अध्ययन गर्ने क्रममा उनिहरुको आर्थिक अवस्थाको अध्ययन गर्ने क्रममा उनिहरुको खर्चको विवरणको पनि अध्ययन गरिएको थियो जसवाट प्राप्त नतिजालाई तलको तालिकामा देखाईएको छ ।

**तालिका ४.१२**

**नमुना छनोटमा परेका महिलाहरुको तहगत वार्षिक खर्च विवरण -२०७४**

| क्र.स. | तहगत खर्च ( रु. हजारमा) | महिला संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | ०-५० | ४६ | २३ |
| २ | ५०-१०० | ७९ | ३९.५ |
| ३ | १००-१५० | ६२ | ३१ |
| ४ | १५० भन्दा माथि | १३ | ६.५ |
| जम्मा | | २०० | १०० |

स्रोतः स्थलगत सर्वेक्षण,(२०७४)।

माथिको तालिका अनुसार नमुना छनोटमा परेका महिलाहरुले गर्ने खर्चलाई तहगतरुपमा हेर्दा ५० हजार सम्म खर्चगर्ने महिला सङ्ख्या ४६ अर्थात २३ प्रतिशत त्यस्तै ५० हजार देखि १ लाख सम्म खर्चगर्ने ७९ अर्थात ३९.५ प्रतिशत र १ लाख देखि १ लाख ५० हजार सम्म खर्च गर्ने ६२ जना अर्थात ३१ प्रतिशत १ लाख ५० हजार देखि माथि खर्च गर्ने १३ जना अर्थात ६.५ प्रतिशत महिलाहरु पाइयो ।

## ६. महिलाहरुको व्यक्तिगत बचत (Personal Saving of Women)

नमुना छनोटमा महिलाहरुको बचतको स्थिति बारे अध्ययन गर्दा निम्न अवस्था पाईयो । जसलाई तलका तालिकामा देखाईएको छ ।

**तालिका ४.१३**

**महिलाहरुको व्यक्तिगत वचत-२०७४**


| विवरण | वर्षिक आम्दानी | वार्षिक खर्च | वर्षिक वचत |
|---|---|---|---|
| कुल | रु. ४,८९,००,००० | रु. ४,१०,४१,००० | रु. ७८,५९,००० |
| औसत | रु. २,४४,५०० | रु.२,०५,२०५ | रु. ३९,२९५ |

स्रोत : स्थलगत सर्वेक्षण,( २०७४)।

यस अध्ययन क्षेत्रमा नमुना छनोट महिलाहरुको बचतको स्थितिबारे अध्ययन गर्दा महिलाहरुको व्यक्तिगत आम्दानी रु.४,८९,००,००० अर्थात औषत वार्षिक आम्दानी रु. २,४४,५०० रहेको पाइयो भने खर्च रु. ४,१०,४१,००० अर्थात औषत वार्षिक खच रु.२,०५,२०५ रहेको पाइयो,त्यस्तै बचत रु. ७८,५९,००० अर्थात् औषत वार्षिक बचत रु. ३९,२९५ गरेको पाईयो ।

**चित्र ४.४**

**महिलाहरुको व्यक्तिगत क्षेत्रगत वार्षिकआम्दानी, खर्च,वचत -२०७४**




## ४.४.२ नमूना छनोटमा परेका महिलाहरुको घरयासी आर्थिक अवस्था (Household Economic Condition of Sampled Women)

नमूना छनोटमा परेको महिलाहरुको घरपरिवारको पेशा मुख्यतया कृषिमा निर्भर रहेको पाइएको छ । त्यसपछि मात्र अन्य व्यपार व्यवसाय , नोकरी, वैदेशिक रोजगारी जस्ता स्रोतवाट आय आर्जन गरेको पाइयो । जसलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

### १.पारिवारिक स्रोतगत आम्दानी (Sectral Family Income)

महिलाहरुको आर्थिक अवस्था विकास गराउनउनिहरुको परिवारको आम्दानी पनि प्रत्यक्ष प्रभाव पार्दछ । यस अध्ययनमा नमूना छनोट २०० घरपरिवार भित्र रहेका महिलाहरुको

पारिवारिक स्रोतगत आम्दानीको अध्ययन गरिएको थियो । उक्त अध्ययनबाट प्राप्त नतिजा यस प्रकार छ ।

**तालिका ४.१४**

**पारिवारीक स्रोतगत आम्दानी २०७४**


| क.स. | **स्रोत** | **आम्दानी(रु.मा)** | **प्रतिशत** |
|---|---|---|---|
| १ | कृषि | ७,३३,२४,००० | ३३.७४ |
| २ | व्यापार | २,११,६८,००० | ९.७४ |
| ३ | नोकरी | ३,६६,००,००० | १६.८४ |
| ४ | बैदेशीक रोजगार | ७,७२,८०,००० | ३५.५६ |
| ५ | ज्यालामजदुरी | ८९,२८,००० | ४.१० |
| | जम्मा | २१,७३,००,००० | १०० |
| वर्षिक औसत | | १०,८६,५०० | |

स्रोत : स्थलगत सर्वेक्षण,(२०७४)।

यस तालिका अनुसार नमूना छनोटमा परेका घरपरिवारको आम्दानीको स्रोतहरु अन्तर्गत कृषिबाट रु.७,३३,२४,००० अर्थात् ३३.७४ प्रतिशत,नोकरी बाट रु.३,६६,००,००० अर्थात १६.८४ प्रतिशत, व्यापार वाट रु.२,११,६८,००० अर्थात् ९.७४ प्रतिशत, ज्याला मजदुरी वाट ८९,२८,००० अर्थात ४.१० प्रतिशत र बैदेशिक रोजगारी वाट ७,७२,८०,००० अर्थात ३५.५६ प्रतिशत घरपरिवारले आम्दानी प्रप्त गरेको पाइन्छ ।

चित्र ४.५

पारिवारीक स्रोतगत आम्दानी २०७४




## २. तहगत पारिवारिक लाम्दानी (**Levelwise Family Income**)

नमूना छनोटमा परेका महिलाहरुको आर्थिक अवस्थाको अध्ययन गर्दा उनिहरुको तहगत आम्दानीलाई पनि अध्ययन गरिएको थियो । उक्त अध्ययनवाट प्राप्त नतिजालाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ४.१५**

**नमूना छनोट महिलाहरुको पारिवारिक तहगत आम्दानी विवरण - २०७४**


| क्र. स. | तहगत आम्दानी | घरपरिवार सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | २०० हजार-४०० हजार | २८ | १४ |
| २ | ४०० हजार-६०० हजार | ३६ | १८ |
| ३ | ६०० हजार- ८०० हजार | ६३ | ३१.५ |
| ४ | ८०० हजार देखी माथि | ७३ | ३६.५ |
| जम्मा | | २०० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, (२०७४)।

मथिका तालिका अनुसार नमुना छनोटमा परेका २०० घरपरिवारले के-कति तहगत रुपमा आाम्दानी प्राप्त गर्दछन् भन्ने देखाईएको छ । जस अर्न्तगत २०० हजार देखि ४०० हजार प्रप्त गर्ने २८ परिवार अर्थात १४ प्रतिशत,४०० हजार देखि ६०० हजार प्राप्त गर्ने ३६ परिवार अर्थात १८ प्रतिशत , ६०० हजार देखि ८०० हजार प्राप्त गर्ने ६३ परिवार अर्थात ३१.५ प्रतिशत र ८०० हजार देखि माथि आम्दानी प्रप्त गर्ने ७३ घरपरिवार अर्थात ३६.५ प्रतिशत पाइयो ।

**चित्र ४.६**

**महिलाहरुको पारिवारिक तहगत आम्दानी-२०७४**




### ३. क्षेत्रगत वार्षिक पारिवारिक खर्च (**Sector Familywise Expenditure**)

नमूना छनोटमा महिलाहरुको क्षेत्रगत वार्षिक पारिवारिक खर्च कति हुन्छ भनि प्रश्न सोधिएको थियो । उत्तर दाता महिलाहरुले दिएका उत्तरका आधारमा उनिहरुको वार्षिक पारिवारिक खर्चलाई तल तालिकामा देखाईएको छ ।

तालिका ४.१६

**नमूना छनोट महिलाहरुको क्षेत्रगत वार्षिक पारिवारिक खर्च २०७४**


| क्र. स. | खर्चको स्रोत | वर्षिक खर्च (रु. मा ) | प्रतिशत |
|---|---|---|---|
| १. | उपभोग | ४,८९,४४,२०५ | २६.८७ |
| २. | शिक्षा | ४,६४,२०,३२१ | २५.४१९ |
| ३. | स्वास्थ्य | ३,५९,०२,५६३ | १९.९२ |
| ४. | चाडपर्व | २,६४,५५,५७५ | १४.५३ |
| ५. | अन्य | २,४३,७७,३३६ | १३.३८ |
| जम्मा | | १८,२१,००,००० | १०० |
| औषत वार्षिक खर्च | | ९,१०,५०० | |

स्रोतः स्थलगत सर्वेक्षण, (२०७४)।

मथिको तालिका अनुसार नमुना छनोट महिलाहरुको क्षेत्रगत पारिवारिक खर्च कति हुन्छ भनि देखाएको छ । जस अन्तरगत उपभोगमा रु.४,८९,४४,२०५ अर्थात २६.८७ प्रतिशत, शिक्षमा रु.४,६४,२०,३२१ अर्थात २५.४१९ प्रतिशत त्यस्तै स्वास्थ्यमा रु.३,५९,०२,५६३ अर्थात १९.९२ प्रतिशत, चाडपर्वमा रु.२,६४,५५,५७५ अर्थात १४.५३ प्रतिशत र अन्यमा रु.२,४३,७७,३३६ अर्थात १३.३८ प्रतिशत खर्च भएको देखिन्छ ।

चित्र ४.७

**महिलाहरुको क्षेत्रगत वार्षिक पारिवारिक खर्च - २०७४**



### ४ तहगत पारिवारिक वार्षिक खर्च विवरण (**Levelwise Family Expenditure**)

नमूना छनोट महिलाहरुको आर्थिक अवस्थाको अध्ययन गर्ने कममा उनिहरुको पारिवारिक तहगत खर्चको पनि अध्ययन गरिएको थियो जसलाई तल प्रस्तुत गरिएको छ ।

**तालिका ४.१७**

**नमूना छनोट महिलाहरुको पारिवारिक तहगत खर्च विवरण- २०७४**


| **क.स.** | **तहगत खर्चलागत (रु.मा)** | **पारिवारिक सङ्ख्या** | **प्रतिशत** |
|---|---|---|---|
| १. | २०० हजार-४०० हजार | ४० | २० |
| २. | ४०० हजार-६०० हजार | ४९ | २४.५ |
| ३. | ६०० हजार-८०० हजार | ८९ | ४४.५ |
| ४. | ८०० हजार देखी माथी | २२ | ११ |
| जम्मा | | २०० | १०० |

स्रोत: स्थलगत सर्वेक्षण,(२०७४)।

मथिको तालिका अनुसार नमुना छनोट महिलाहरुको पारिवारिक तहगत खर्च २०० हजार देखि ४०० हजार सम्म खर्च गर्ने परिवार ४० जना अर्थात २० प्रतिशत ,४०० हजार देखि ६०० हजार सम्म खर्च गर्ने ४९ जना अर्थात २४.५ , त्यस्तै ६०० देखि ८०० हजार सम्म खर्चगर्ने ८९ जना अर्थात ४४.५ प्रतिशत र ८०० हजार भन्दा माथि खर्च गर्ने २२ जना अर्थात ११ प्रतिशत घरपरिवार रहेका छन् ।

चित्र ४.८

महिलाहरुको पारिवारिक तहगत खर्च विवरण- २०७४




## ५.घरपरिवारको वचत (**Family Size**)

नमूना छनोटमा परेका घरपरिवारको आर्थिक अवस्था हेर्दा वार्षिक आम्दानि रु.२१,७३,००,००० रहेको छ भने वार्षिक खर्च १८,२१,००,००० रहेको छ । त्यस्तै वचत ३,५२,००,००० रहेको देखिन्छ ।यस वचत द्वारा जीवनलाई गुणस्तरीय र भावि सन्ततिको लागि भनि बैङ्कमा राखेको देखिन्छ ।यसरि वार्षिक आम्दानी खर्च र वचतलाई अझ स्पस्ट पार्न तलको तालिकामा देखाइएको छ ।

तालिका ४.१८

घरपरिवारको वचतको विवरण २०७४

| विवरण | वर्षिक आम्दानी | वार्षिक खर्च | वर्षिक वचत |
|---|---|---|---|
| कुल | रु.२१,७३,००,००० | रु.१८,२१,००,००० | रु.३,५२,००,००० |
| औषत | रु.१०,८६,५०० | रु. ९,१०,५०० | रु.१,७६,००० |


स्रोत:स्थलगत सर्वेक्षण,(२०७४)।

माथिका तालिको अनुसार घरपरिवारको वतच स्थिति अध्ययन गर्दा महिलाहरुको घरपरिवारको वार्षिक आम्दानी रु.२१,७३,००,००० अर्थात औषत रु.१०,८६,५०० रहेको

पाइयो भने बार्षिक खर्च रु.१८,२१,००,००० अर्थात औषत  ९,१०,५०० रहेको पाइयो । त्यस्तै वचत रु. ३,५२,००,००० अर्थात औषत रु.१,७६,००० गरेको पाइयो ।

**चित्र ४.९**

**घरपरिवारको वचतको खर्च, आमदानी विवरण २०७४**




## ४.५ नमुना छनोटमा परेका महिलाहरुको साधन र स्रोतमा पहुँच (Materials and Sources Used by Sampled Women )

आर्थिक रुपमा सक्षम हुने सम्बन्धमा राज्यका उत्पादनशील साधन र स्रोतमा महिला वर्गको पहुँच तुलनात्मक रुपमा कम रहेकमे पाइन्छ । महिला सशक्तिकरणको विषयलाई नीतिगत प्राथामिकताका रुपमा राखीए तापनि विकास कार्यक्रम तथा वजेटले समेट्न नसकेको साथै आर्थिक उदारीकरण र बजारमूखी अर्थव्यवस्थाले प्रदान गरेको अवसर ग्रामिण महिलाका लागि सहज हुन सकेको छैन । नमूना छनोटमा परेका महिलाहरुको घरजग्गामा स्वामित्व , व्यपारमा र उद्योगमा रहेको स्वामित्वलाई अध्ययन गर्दा प्राप्त तथ्याङ्क लाई निम्न तालिका द्वारा प्रस्तुत गरिस्को छ ।

### तालिका ४.१९

### महिलाहरुको साधन र स्रोतमा पहुँच को विवरण - २०७४


| क्र.स. | विवरण | महिला सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | घरजग्गामा महिलाको स्वामित्व | ११३ | ५६.५ |
| २ | व्यापारमा महिलाको स्वामित्व | ७३ | ३६.५ |
| ३ | उद्योगमा महिलाको स्वामित्व | १४ | ७ |
| जम्मा | | २०० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण ,(२०७४)।

माथिको तालिका अनुसार घरजग्गामा स्वामित्व रहेका महिला जम्मा ११३ जना अर्थात ५६.५ प्रतिशत, त्यस्तै व्यापारमा महिलाको स्वामित्व भएका ७३ जना अर्थात ३६.५ प्रतिशत र उद्योगमा १४ जना अर्थात ७ प्रतिशत रहेको पाइयो ।

### चित्र४.१०

### महिलाहरुको साधन र स्रोतमा पहुँच को विवरण - २०७४



## ४.६. नमुना छनोट महिलाको शैक्षिक अवस्था (Educational condition of Sampled Women)

महिलाले घरपरिवार तथा समाजको विकासमा महत्वपूर्ण भूमिका खेलेका हुन्छन् । त्यसमा पनि शिक्षित महिलाहरुको भूमिका झनै महत्वपूर्ण हुन्छ । एउटा भनाई पनि रहेको छ, "परिवारमा एउटा महिला शिक्षित भएमा सम्पूर्ण परिवार शिक्षित हुन्छ ।" त्यसैले अध्ययनको क्रममा नमूना छनोटमा परेका महिलाहरुको शैक्षिक अवस्थाको सम्बन्धमा जानकारी प्राप्त गर्न अध्ययनमा समावेश गरिएको थियो । यस अध्ययनवाट प्राप्त महिलाहरुको शैक्षिक अवस्था नतिजालाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

**तालिका ४.२०**

**नमूना छनोट महिलाको शैक्षिक अवस्था -२०७४**


| क.स. | समूह | साक्षर | एस.एल.सी. | प्रमाणपत्र | स्नातक तह सो भन्दा बढि | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | १८-३० | | ६२ | ३२ | १८ | ११२ |
| २ | ३०-४५ | | ३३ | २० | ५ | ५८ |
| ३ | ४५-६० | १७ | ८ | ३ | २ | ३० |
| जम्मा | | १७ | १०३ | ५५ | २५ | २०० |

स्रोत: स्थलगत सर्वेण, (२०७४) ।

माथिको तालिका अनुसार नमुना छनोट क्षेत्रमा रहेका महिलाहरुको शैक्षिक अवस्था हेर्दा १८ देखि ३० उमेर समुहका ६२ ले एस.एल.सी. सम्म अध्ययन गरेको ३२ ले प्रमाणपत्र १८ ले स्नातक तह वा सो भन्दा माथि अध्ययन गरेको पाइयो । त्यस्तै ३० देखि ४५ उमेर समुहका महिलाहरु मध्ये ३३ ले एस.एल.सी.२० ले प्रमाणपत्र ५ ले स्नातक तह वा सो भन्दा बढि अध्ययन गरेको पाइयो । त्यस्तै ४५ देखि ६० उमेर समुहका मध्ये १७ ले साक्षर ८ ले एस.एल.सी. ३ ले प्रमाणपत्र र २ जनाले स्नातक वा सो भन्दा वढि अध्ययन गरेको पाइयो ।

चित्र ४.११

**नमूना छनोट महिलाको शैक्षिक अवस्था -२०७४**




### ४.६.१ बालबालिकाको शैक्षिक अवस्था (Educational Condition of Child)

यस अध्ययन क्षेत्रमा बसोबास गर्ने नमूना छनोटमा परेका २०० घरपरिवारका बालबालिकाहरुको शैक्षिक अवस्था निम्नानुसार रहेको छ । अध्ययन क्षेत्रमा अभिभावकले छोरा छोरी दुवैलाई विद्यालय पठाउने गरेको पाइयो । यस अध्ययनमा ५ देखि १५ वर्ष उमेर समुहका बालबालिकाहरुलाई समाबेस गरिएको थियो ।जसमा जनसङ्ख्या १३७ रहेको छ । यसलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ४.२१**

**बालबालिका को शैक्षिक अवस्था-२०७४**

| क . स | एमेर समुह | विद्यालय जाने छोरा | विद्यालय जाने छोरी |
|---|---|---|---|
| १ | ५-१० वर्ष | ३५ | ३० |
| २ | १०-१५ | २६ | ४६ |
| जम्मा | | ६१ | ७६ |

स्रोत : स्थलगत सर्वेक्षण,(२०७४) ।

मथिको तालिका अनुसार नमूना छनोटमा परेका २०० घरपरिवारमा ५देखि १५ वर्षका बालबालिका १३७ रहेको पाइयो । ती मध्ये विद्यालय जाने छोरा ६१ र छोरी ७६ जना रहेको पाइयो ।

## ४.७ शैक्षिक प्रभाव (Educational Impact)

शिक्षा विकासको आधारस्तम्भ हो भन्ने कुरालाई नकार्न सकिदैन । शिक्षाले मानिसको सवाङ्गीर्ण क्षेत्रको विकास गर्दछ । शिक्षाले मानिसहरुको चेतनामा विकास गरी महिलाहरुलाई सक्षमता तर्फ उन्मुख गराउँदछन् । शिक्षाले मानिसका चौतर्फी ढोकाहरु खेल्दछन् र जीवन सु-संस्कृत र उन्नत बन्छ । शिक्षा ज्ञानको मुख्य स्रोत हो । जसले आफुलाई  मात्र होइन,अरुलाई पनि यस्तो कला सिकाएको हुन्छ । त्यसैले शिक्षा जीवनको अपरिहार्य वस्तु हो ।जसले देश तथा अन्तराष्ट्रिय जगतमा मानिसलाई आत्मनिर्भर वनाउन सहयोग गरिरहेको हुन्छ । जीवनमा शिक्षाको विशिष्ट र गरिमामय भूमिका हुँदा यसलाई ग्रहण गर्न बुद्धिमानी मानिन्छ ।

शिक्षा समाज राष्ट्र विकासको मेरुदण्ड हो । जसले महिलाहरुको सामाजिक ,आर्थिक, बौद्धिक क्षेत्रमा विकास गरी शिक्षित सक्षम दक्ष जनशक्तिको उत्पादन गर्न सकिन्छ । शिक्षाले महिलाहरुको चेतनामा वृद्धि गरी समाजका हरेक क्षेत्रमा अगाडि बढ्न सहयोगी भुमिका खेल्दछ ।

अध्ययन क्षेत्रमा शैक्षिक प्रभाव हेर्दा उक्त घरपरिवारको तहगत आम्दानीको आधारमा कति बालबालिकालाई सरकारी अथवा निजी कुन विद्यालयमा पढाएको पाइन्छ ? त्यसैले शैक्षिक प्रभावलाई निम्नलिखित तालिकामा देखाइएको छ ।

## तालिका ४.२२

### सरकारी विद्यालय संरचनाको आधारमा बालबालिकाको सहभागिता -२०७४

| क.स | तहगत आय | घरपरिवार सङ्ख्या | सरकारी विद्यालयगत विद्यार्थीहरु | | | |
|---|---|---|---|---|---|---|
| | | | छात्रा | छात्र | जम्मा | प्रतिशत |
| १ | २ लाख-४लाख | २८ | ८ | ९ | १७ | ३०.९० |
| २ | ४ लाख-६ लाख | ३६ | १० | १४ | २४ | ४३.६३ |
| ३ | ६ लाख-८ लाख | ६३ | ६ | ७ | १३ | २३.६३ |
| ४ | ८ लाख माथि | ७३ | - | १ | १ | १.८१ |
| जम्मा | | २०० | २४ | ३१ | ५५ | १०० |

स्रोत :स्थलगत सर्वेक्षण, (२०७४)।

माथिको तालिका अनुसार २ लाख देखि ४ लाख सम्म तहगत पारिवारिक वार्षिक आम्दानी प्राप्त गर्ने जम्मा घरपरिवार संख्या २८ रहेको जसमा सरकारी विद्यालयमा छात्र र छात्रा गरि ३०.९० प्रतिशत बालबालिकाको सहभागिता रहेको पाइयो । त्यस्तै गरि ४ लाख देखि ६ लाख सम्म वार्षिक आम्दानी प्राप्त गर्ने जम्मा घरपरिवार ३६ रहेको पाइयो । जसमा सरकारी विद्यालयमा छात्र र छात्रा गरी ४३.६३ प्रतिशत बालबालिकाको सहभागिता रहेको पाइयो । ६ लाख देखी ८ लाख सम्म पारिवारिक वार्षिक आम्दानी प्राप्त गर्ने ६३ घरपरिवार जसमा सरकारी विद्यालयमा छात्र र छात्रा गरी २३.६३ प्रतिशत बालबालिकाको सहभागिता रहेको पाइयो । त्यस्तै ८ लाख माथि वार्षिक आम्दानी प्राप्त गर्ने ७३ घरपरिवार रहेको पाइयो । जसमा सरकारी विद्यालयमा छात्र र छात्रा गरी १.८१प्रतिशत बालबालिकाको सहभागिता रहेको पाइयो । त्यसैगरि निजि विद्यालयमा बालबालिको सहभागिता तलको तालिकामा प्रस्तुत गरिएको छ ।

## तालिका ४.२३

## निजी विद्यालय संरचनाको आधारमा बालबालिकाको सहभागिता-२०७४

| क्र.स. | तहगत आय | घरपरिवार सङ्ख्या | निजि विद्यालयगत विद्यार्थीहरु | | | |
|---|---|---|---|---|---|---|
| | | | छात्रा | छात्र | जम्मा | प्रतिशत |
| १ | २ लाख-४ लाख | २८ | ५ | २ | ७ | ८.५३ |
| २ | ४ लाख-६ लाख | ३६ | १२ | ८ | २० | २४.३९ |
| ३ | ६ लाख-८ लाख | ६३ | ३१ | १६ | ४७ | ५७.३१ |
| ४ | ८लाख माथि | ७३ | ३ | ५ | ८ | ९.७५ |
| जम्मा | | २०० | ५१ | ३१ | ८२ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, (२०७४)।

माथिको तालिका अनुसार २ लाख देखि ४ लाख सम्म तहगत पारिवारिक वार्षिक आम्दानी प्राप्त गर्ने जम्मा घरपरिवार संख्या २८ रहेको जसमा निजी विद्यालयमा छात्र र छात्रा गरि ८.५३ प्रतिशत बालबालिकाको सहभागिता रहेको पाइयो । त्यस्तै गरि ४ लाख देखि ६ लाख सम्म वार्षिक आम्दानी प्राप्त गर्ने जम्मा घरपरिवार ३६ रहेको पाइयो । जसमा निजी विद्यालयमा छात्र र छात्रा गरी २४.३९ प्रतिशत बालबालिकाको सहभागिता रहेको पाइयो । ६ लाख देखी ८ लाख सम्म पारिवारिक वार्षिक आम्दानी प्राप्त गर्ने ६३ घरपरिवार जसमा निजी विद्यालयमा छात्र र छात्रा गरी ५७.३१ प्रतिशत बालबालिकाको सहभागिता रहेको पाइयो । त्यस्तै ८ लाख माथि वार्षिक आम्दानी प्राप्त गर्ने ७३ घरपरिवार रहेको पाइयो । जसमा सरकारी विद्यालयमा छात्र र छात्रा गरी ९.७५ प्रतिशत बालबालिकाको सहभागिता रहेको पाइयो ।

## ४.८ नमुना छनोटमा महिलाको पारिवारिक निर्णय प्रक्रियामा संलग्नताको अवस्था (**Condition of Sampling Women on Family Decision Process**)

घरायसी होस् या सामाजिक समस्याहरुका विषयमा छलफल गर्दा प्राय : जसो महिलाहरुलाई सहभागि नवनाई उनिहरुलाई निर्णय मात्र सुनाउने चलन छ । घरभित्रको कामकाजमा समेत पुरुषको निर्णय हुन्छ । घर वाहिरको निर्णयमा झन् महिलाको पहुँच ज्यादै न्यून मात्रामा हुने गर्दछ । पारिवारिक निर्णय प्रक्रियामा जस्तै : गर्भपतन सम्वन्धि महिलाको निर्णय, परिवार नियोजनको अस्थाई साधनको प्रयोगमा महिलाको निर्णय र पारिवारिक समस्यामा लिइने निर्णय सम्बन्धि विश्लेषण गरिएको छ ।

### ४.८.१ गर्भपतन सम्बन्धि महिलाको निर्णय (**Quadrate Decisions of Women**)

हिन्दु संस्कार अनुसार गर्भपतन गराउनुलाई अपराध मानिन्छ । तापनि हाल आएर गर्भपतनलाई सरकारले कानुनि मान्यता समेत दिइसकेको छ । यसै सन्दर्भमा अध्ययन क्षेत्रमा छनोटमा परेका महिलाहरुलाई गर्भपतन सम्बन्धि निर्णयको वारेमा प्रश्न राखिएको थियो । उक्त अध्ययन वाट प्राप्त विवरण लाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ४.२४**

**महिलाहरुको गर्भपतन सम्बन्धि निर्णय -२०७४**


| क.स. | विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १. | महिला आफैले निर्णय गर्ने | ३१ | १५.५ |
| २. | महिलाले निर्णय नगर्ने | ४५ | २२.५ |
| ३. | दुवैको सल्लाहबाट निर्णय गर्ने | १२४ | ६२ |
| जम्मा | | २०० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण,(२०७४) ।

मथिको तालिकामा गर्भपतन गर्दा आफै निर्णय गर्ने महिलाहरु १५.५ प्रतिशत पाइयो भने २२.५ प्रतिशत महिलाले निर्णय नगर्ने र ६२ प्रतिश महिला पुरुष दुवैको सल्लाहबाट निर्णय हुने पाइयो ।

चित्र ४.१२

**महिलाहरुको गर्भपतन सम्बन्धि निर्णय -२०७४**




### ४.८.२ परिवार नियोजनको अस्थाई साधनको प्रयोगमा महिलाको निर्णय (Women Decision for the uses of Temporary Family planning )

परिवार नियोजनको अस्थाई साधनको प्रयोगमा महिलाको निर्णय सहभागिता के कत्तिको छ भनि अध्ययन गरिएको थियो । जसलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ४.२५**

**नमुना छनोट क्षेत्रमा महिलाहरुको परिवार नियोजनको अस्थाई साधन प्रयोग सम्बन्धि निर्णय -२०७४**


| क्र.स. | विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | महिला आफैले निर्णय गर्ने | ८५ | ४२.५ |
| २ | महिलाले निर्णय नगर्ने | १० | ५ |
| ३ | दुवैको सल्लाहवाट निर्णय गर्ने | १०५ | ५२.५ |
| जम्मा | | २०० | १०० |

स्रोत: स्थलगत सर्वेक्षण, (२०७४) ।

मथिको तालिका अनुसार नमुना छनोट क्षेत्रका महिलाहरुको परिवार नियोजनको अस्थाई साधन प्रयोग सम्बन्धि निर्णयमा महिला आफैले निर्णय गर्ने ८५ अर्थात ४२.५ प्रतिशत त्यस्तै महिलाले निर्णय नगर्ने १० अर्थात ५ प्रतिशत र दुवैको सल्लाहवाट निर्णय गर्ने १०५ अर्थात ५२.५ प्रतिशत पाइयो ।

**चित्र ४.१३**

**महिलाहरुको परिवार नियोजनको अस्थाई साधन प्रयोग सम्बन्धि निर्णय -२०७४**




### ४.८.३ पारिवारिक समस्यामा लिइने निर्णय (**Decision Making in Family Problem** )

अध्ययन क्षेत्रमा नमुना छनोटमा परेका महिलाहरुको पारिवारिक समस्याको निर्णयमा महिलाहरुको सहभागिताको अवस्था बारे अध्ययन गरिएको थियो । जसमा बजारमा किनमेल गर्ने, छोराछोरीको विवाह गर्ने , जग्गा किनबेच ,ऋण लिनेदिने र छोराछोरी कहापढाउने भन्ने बारेमा उत्तर संकलन गरिएको थियो । जसवाट प्राप्त नतिजालाई तल तालिकामा प्रस्तुत गरिएको छ ।

## तालिका ४.२६

## पारिवारि समस्यामा लिइने निर्णय प्रक्रियाको विवरण -२०७४

| क. स. | विवरण | निर्णय गर्ने | प्रतिशत | निर्णय नगर्ने | प्रतिशत | सल्लाहवाट निर्णय गर्ने | प्रतिशत | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | जग्गा किनबेच गर्ने | ५१ | २५.५ | ४६ | २३ | १०३ | ५१.५ | २०० |
| २ | छोराछोरी कहाँ पढाउने | ८२ | ४१ | ३९ | १९.५ | ७९ | ३९.५ | २०० |
| ३ | ऋण लिने दिने | ४१ | २०.५ | ९८ | ४९ | ६१ | ३०.५ | २०० |
| ४ | छोराछोरीको विवाह गर्ने | ७९ | ३९.५ | ३१ | १५.५ | ९० | ४५ | २०० |

स्रात : स्थलगत सर्वेक्षण,(२०७४)।

माथिको तालिका अनुसार अध्ययन गर्दा छोराछोरीको विवाहगर्ने, छोराछोरी कहाँ पढाउने जस्ता निर्णयमा महिलाको सहभागिता बढि देखिएतापनि ऋण लिने कुरामा महिलाको एकल निर्णय कम देखियो ।

### ४.८.४ विरामी हुँदा जाने ठाउँ (**Destination of Sickness**)

अध्ययन क्षेत्रका महिलाहरु विरामी हुँदा उपचारको क्रममा सबैभन्दा पहिला कहाँ जान्छन् भन्ने सम्बन्धमा प्रश्न तयार गरी सोधिएको थियो । जसबाट प्राप्त विवरणलाई तालको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ४.२७**

**नमुना छनोट क्षेत्रमा महिलाहरु विरामी हुँदा जाने ठाउँको विवरण-२०७४**


| क्र.स. | विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १. | डाक्टर | १५२ | ७६ |
| २. | धामी झाक्री | ४८ | २४ |
| जम्मा | | २०० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण,(२०७४)।

माथिका तालिका अनुसार नमुना छनोट क्षेत्रमा महिलाहरुको विरामी हुँदा १५२ अर्थात ७६ प्रतिशत डाक्टरकोमा जाने गरेको देखियो भने ४८जना अर्थात २४ प्रतिशत महिलाहरु धामी झाक्रीकोमा जाने गरेको पाइयो । यसबाट के प्रस्ट हुन्छ भने अहिलेपनि केहि महिलाहरु पुरानो रुढीवादि परम्परा र अन्धविश्वासमा अभिmएर बसेको पाइन्छ ।

**चित्र ४.१४**

**महिलाहरु विरामी हुँदा जाने ठाउँको विवरण-२०७४**




### ४.८.५ महिला सशक्तिकरणको प्रभाव (Affect of women Empowerment)

उपरोक्त विभिन्न शीर्षकमा गरिएको अध्यनको आधारमा अध्ययन क्षेत्रमा छनोट भएका महिला सशक्तिकरणको प्रभाव विश्लेषण गर्नको लागि विभिन्न विषयहरु छनोट गरिएको थियो । जसमा सन्तान प्रति धारणा , दाईजो, शिक्षाको अवस्था, विवाहको उमेर, विरामि हुदा जानेठाउँ,पेशा, अस्थाई साधनको प्रयोग, गर्भपतन सम्वन्धि निर्णय गरी ७ वटा

विषयहरुमा महिलाहरुको धारणा अध्ययन गरिएको छ । उक्त अध्ययन वाट प्राप्त नतिजा लाई तल तालिकामा देखाइएको छ ।

**तालिका ४.२८**

**छनोटमा परेका महिलाहरुमा सशक्तिकरणको प्रभाव - २०७४**

| विवरण | | | विवरण | |
|---|---|---|---|---|
| क.स. | सशक्तिकरण भएको पाइएकोमा | महिला संख्या | सशक्तिकरण नभएको पाइयो | महिला संख्या |
| १ | सन्तानको रुपमा छोरा छोरी जे भएपनि हुन्छ। | १२५ | सन्तानको रुपमा छोरा हुनैपर्दछ । | ७५ |
| २ | दाइजो प्रथा बेठिक हो । | १८८ | दाइजो प्रथा ठिक हो । | १२ |
| ३ | बिरामि हुँदा डाक्टरकोमा जाने । | १५२ | बिरामि हुदा धामी झाक्रिकोमा जाने । | ४८ |
| ४ | अस्थायी साधनको प्रयोग सम्बन्धि आफै निर्णय गर्ने । | १९० | अस्थायी साधन प्रयोग सम्बन्धि निर्णय नगर्ने । | १० |
| ५ | गर्भपतन सम्बन्धि निर्णय गर्ने । | १५५ | गर्भपतन सम्बन्धि निर्णय नगर्ने । | ४५ |
| ६ | २३ वर्ष भन्दा बढि उमेरमा विवाह गर्ने । | ४६ | २३ बर्ष भन्दा कम उमेरमा विवाह गर्ने । | १५४ |

स्रोतः स्थलगत सर्वेक्षण,(२०७४) ।

## ४.९ कचनकवल गा.पा.मा महिला सशक्तिकरणको प्रभावको विश्लेषण ( Women Empowerment Impact Analysis in kachankawal Rural Municipility)

कचनकवल गा. पा.मा महिला सशक्तिकरणका प्रभावको विश्लेषण गर्ने क्रममा नमुना छनोटमा परेका महिलाहरुको विभिन्न विषयमा महिलाहरुको धारणा थाहा पाउनको लागि अध्ययन गरिएको थियो । अध्ययनमा छनोटमा परेको महिलाहरुसँग प्रश्नावली,अन्तर्वार्ताको माध्यमबाट महिला सशक्तिकरणको प्रभव सम्बन्धमा लिएको विचारलाई निम्नानुसार व्याख्या गरिएको छ ।

### ४.९.१ आर्थिक पक्षको ज्ञान(Knowledge about Economics Status)

उत्तरदाता महिलाहरुले आर्थिक रुपमामहिलाहरु सक्षम र सवल बन्नका लागि उत्पादन शील स्रोतमा महिला वर्गको पहुँच हुन जरुरी छ तर नेपालमा यस्ता विषयहरु नीतिगत रुपमा प्राथामिकताका रुपमा राखिएतापनि यस्ता विकास कार्यक्रम तथा बजेटले लक्षित बर्ग सम्म

पुग्न नसकेको कुरा अध्ययन क्षेत्रमा महिलाहरुले बताएका थिए । समान काममा महिलाहरुका लागि असमान ज्याला दिनु । महिलाहरुको घरयासी तथा सामुदायिक उत्पादनशील कार्यको मूल्याङ्कन हुन नसक्नु नै महिलाको आर्थिक रुपमा विकास हुन नसक्नु हो भन्ने भनाई उक्त सशक्त महिलाहरुको पाइयो ।

### ४.९.२ लैङ्गिक समानताको ज्ञान (Knowledge about Sexualization)

उत्तरदाता महिलाहरुले विभिन्न सामाजिक मूल्य मान्यता र रुढिवादि परम्पराले गर्दा केहि निश्चित कुराहरुमा छोरीलाई भन्दा छोरालाई बढी महत्व दिएपनि हाल आएर यस्तो विश्वास तथा प्रचलनमा कमि आएको छ । जसको कारण छोरीलाई पनि समान महत्व दिन थालेको कुरा अध्ययन क्षेत्रमा महिलाहरुले बताए ।

### ४.९.३ शैक्षिक पक्षको ज्ञान (Knowledge about Education)

उत्तरदाता महिलाहरुले शिक्षा क्षेत्रमा पछाडि पर्नुको मुख्य कारण नै शिक्षा पद्दति स्वयम महिला शिक्षा विकासमा सफल नभएको धारणा महिलाहरुले व्यक्त गरे । सबै विद्यालयमा महिला शिक्षकको अनिवार्य व्यवस्था गर्ने नीति प्रभावकारी रुपमा कार्यन्वयन नहुनु, लक्षित कार्यक्रमको सीमिता हुनु,सबै छात्रा सम्म नपुग्नु, लैङ्गिक मैत्रि शैक्षिक सामग्री र पूर्वधारको अभाव आदि समस्याले गर्दा महिलाहरु शिक्षाको क्षेत्रमा पछाडी परेको भन्ने अभिव्यक्ति महिलाहरुको रहेको पाइयो ।

### ४.९.४ सामाजिकीकरणको ज्ञान (Knowledge about Socialization)

नेपालमा विभिन्न भाष-भाषि,जातजाति र विविध संस्कृतिका मानिसहरुको बसोबास रहेको पाइन्छ । विभिन्न सामाजिक कार्यहरुमा महिला सहभागिता कम रहेको पाइन्छ । समाजमा रहेका विभिन्न प्रथा र परम्परालाई तोड्नुको सट्टा त्यसलाई मलजल गरेर राखेको साथै महिलाहरुलाई समाजमा विविध कार्यहरुमा अगुवाई गर्ने कुरामा महिलाहरु असक्षम हुन्छन् भन्ने भनाई लाई तोढ्दै हाल आएर सोचाईमा धेरै सकरात्मक परिवर्तन हुदै गरेको छ भन्ने धारण महिलाहरुवाट पाइयो ।

### ४.९.५ सामाजिक समानताको ज्ञान (**Knowledge about social Equality**)

उत्तरदाता महिलाहरुको भनाईमा समाजको एउटा समस्या भनेको महिलाहरुलाई सामाजिक रुपमा दोस्रो दर्जाको रुपमा हेर्ने दृष्टिकोण रहेको बताए। त्यहि दृष्टिकोणको कारण समाजमा परम्परागत अन्धविश्वास, विभेद र शोषण कायम रहेको पाइन्छ। जब सम्म यस्ता रुढिवादि परम्परा, अन्धविश्वास, विभेद र शोषणलाई जरैवाट उन्मुलन गरिदैन तब सम्म समान धारणमा आधारित वैज्ञानिक र समतामुलक समाजको अवधारुणा आउन सक्दैन । यस्ता समस्या विभेद र अन्धविश्वासका अन्त्य गर्ने हामि सवै महिला वर्ग एक हुने हो भने यो अन्त्य सम्भव छ भन्ने धारण महिलाहरुवाट पाइयो ।

# अध्ययाय पाँच

# (CHAPTER FIVE)

## ५.सारांश,निष्कर्ष र सुझावहरु (Summary CONCLUSION AND RECOMMENDTION)

यस अध्ययनमा तथ्याङ्कको विस्तृत व्यख्या विश्लेषण र विवेचना गरी प्राप्त निष्कर्ष र अध्ययन क्षेत्रमा देखिएका समस्या समाधानका लागि उचित सुझाव समावेश गरिएको छ । यस अध्ययनमा तथ्याङ्कको विस्तृत रुपमा व्याख्या,विश्लेषण र विवेचना गरी प्राप्त निष्कर्षलाई सारांशमा प्रस्तुत गरिएको छ ।

### ५.१ सारांश (Summary)

यस अध्यनको सारांशमा यस प्रकार उल्लेख गरिएको छ ।

- यो अध्ययन झापा जिल्लाको कचनकवल गाउँपालिका मा महिला सशक्तिकरण तथा त्यसले सामाजिक , आर्थिक, तथा शैक्षिक विकासमा पारेको प्रभावको अध्ययन गरिएको छ ।
- यो अध्ययन झापा जिल्ला कचनकवल गाउँपालिका वडा नं. ६ मा बसोबास गर्ने विवाहित महिलाहरुको मात्र अध्ययन गरिएको छ ।
- यो अध्ययनको उद्देश्य महिला सशक्तिकरण तथा त्यसले साामाजिक, आर्थिक तथा शैक्षिक विकासमा पारेको प्रभावको अध्ययन गर्नु , निर्णय प्रक्रियामा महिलाहरुको सहभागिता पत्ता लगाउनु र कचनकवल गाउँपालिकामा महिला सशक्तिकरणका प्रयासहरु वारे विश्लेषण गर्नु रहेको छ ।
- यस अध्ययनको अनुसन्धान प्रश्नहरु महिलाहरुको सामाजिक ,आर्थिक तथा शैक्षिक अवस्था कस्तो रहेको छ , महिला सशक्तिकरणले आर्थिक क्षेत्रमा कस्तको प्रभाव पारेको छ, महिलाहरु निर्णय प्रक्रियामा सहभागिता कस्तो रहेको छ सँगै सम्वन्धित रहेको छ ।
- महिलाहरुको सामाजिक,आर्थिक तथा शैक्षिक अवस्थाको वास्तविकता नजिकवाट थाहापाउनु, महिला सशक्तिकरणले पारेको प्रभाव पत्ता लगाउनु यस अध्ययनको महत्व रहेको छ ।

- यस अध्ययनले लिएको उद्देश्य पूरा गर्नको लागि प्राथामिक तथा सहायक तथ्याङ्कको प्रयोग गरिएको थियो । प्राथामिक तथ्याङ्क अन्तरगत प्रश्नावली ,अर्न्तगत पश्नावली, अन्तरवार्ता र अवलोकनको प्रयोग गरिएको थियो भने , सहायक तथ्याङ्क अन्तर्गत विभिन्न  पुस्तक पत्रत्रिका, शोधपत्र, केन्द्रिय तथ्याङ्क विभाग, महिला आयोग , जि. वि. स., गाउँपालिका, विभिन्न प्रयोजनका निम्ती तयार गरिएको फायल आदिवाट तथ्याङ्क सङ्कलन गरिएको थियो ।
- अध्ययन क्षेत्रमा रहेका विवाहित महिलाहरुबाट २०० जना विवाहित महिलाहरुलाई नमुना छनोट गरिएको थियो । प्राप्त तथ्याङ्कलाई तथ्याङ्कका सामान्य विधिहरु प्रयोग गरी प्रतिशत निकाल्ने र तालिकीकरण गर्ने कार्य गरिएको थियो ।
- यस अध्यन क्षेत्रका सबै भन्दा वढि जनसङ्ख्या ४१.५ प्रतिशतले कृषि पेशा अंगालेको पाइयो । भने सबै भन्दा कम जनसङ्ख्या ४ प्रतिशत वैदेशिक रोजगारीमा रहेको पाइयो ।
- नमुना छनोटमा परेका महिलाहरुको व्यक्तिगत स्रोत गत बार्षिक आम्दानी कुल रु.४,८९,००,००० अर्थात वार्षिक औषत आम्दानी रु. २,४४,५०० रहेको पाइयो ।
- नमुना छनोटमा परेका महिलाहरुको व्यक्तिगत क्षेत्रगत वार्षिक खर्च कुल रु.४,१०,४१,००० अर्थात औषत वार्षिक खर्च रु.२,०५,२०५ रहेको पाइयो ।
- नमुना छनोटमा परेको महिलाहरुको व्यक्तिगत वार्षिक वचत कुल रु.७८,५९,००० अर्थात औषत बचत रु.३९,२९५ रहेको पाइयो ।
- यस अध्ययनको नमुना छनोटमा परेका महिलाहरुको पारिवारिक किसिम हेर्दा धेरै जसो ७५.५ प्रतिशत एकल परिवारमा बस्ने र थोरै मात्र २४.५ प्रतिशत संयुक्त परिवारमा बस्ने गरेको पाइयो ।
- यस अध्ययन क्षेत्रमा छोरा र छोरी प्रतिको धारणामा ३७.५ प्रतिशत महिलाहरुले छोरा नभै नहुने धारण राखेको पाइयो भने २२.५ प्रतिशत महिलाहरुले छोरीमात्र हुदापनि हुन्छ भन्ने धारणा व्यक्त गरे र ४० प्रतिशत महिलाहरुले छोरा छोरी दुवैको चाहानाको समान महत्व दिएको पाइयो ।
- यस अध्ययन क्षेत्रमा परेका महिलाहरुको धार्मिक विविधतालाई हेर्दा हिन्दु धर्म मान्ने ८७ प्रतिशत ,वौद्ध धर्म मान्ने ९ प्रतिशत रहेको र इसाई धर्म मान्ने ४ प्रतिसत महिलाहरु रहेको पाइयो ।

- यस अध्ययन क्षेत्रमा परेका महिलाहरु संग दाइजो प्रथा ठिक हो कि होइन भन्ने प्रश्नमा दाइजो प्रथा ठिक हो ।दाइजो दिन सकेमा छोरीलाई सजिलै संग घर खान सक्ने कुरामा विश्वास गर्ने ६ प्रतिशत जनसङ्ख्या पाइयो भने दाइजो आफुले लिएपनि दाइजो प्रथा वेठिक हो भन्ने महिलाहरु९४ प्रतिशत रहेको पाइन्छ ।
- यस अध्ययनको क्रममा नमुना छनोटमा महिलाहरुलाई घरयासी कामकाजमा पुरुषको सहयोग कत्तिको मिल्छ भन्ने प्रश्नको जवाफमा सहयोग पाउनेमा ३८ प्रतिशत, नपाउनेमा १४.५ प्रतिशत र अलि अलि सहयोग पाउनेमा ४८.५ प्रतिशत महिलाहरु रहेको पाइयो ।
- यस अध्ययन क्षेत्रका महिलाहरुको विवाह कुन उमेरमा भएको रहेछ भनि अध्ययन गरिएको थियो । जसमा १५ देखि १८ वर्षमा ३६ प्रतिशत महिलाको विवाह भएको पाइयो । १९ देखि २२ वर्षमा ४१ प्रतिशत र २३ भन्दा माथि २३ प्रतिशत महिलाको विवाह भएको पाइयो ।
- यस अध्ययन क्षेत्रमा गर्भपतन सम्वन्धि महिलाको निर्णयमा १५.५ प्रतिशत महिलाहरु आफैले निर्णय गरेको पाइयो । २२.५ प्रतिशत महिलाको गर्भपतन सम्वन्धि निर्णयमा कुनै भूमिका नरहेको पाइयो । त्यस्तै ६२ प्रतिशत महिला र पुरुष दुवैको सल्लाहमा निर्णय गर्ने गरेको पाइयो ।
- परिवार नियोजन साधन प्रयोगको सम्वन्धमा महिला आफैले निर्णय गर्ने ४२.५ प्रतिशत, महिला पुरुष दुवैको सललाहमा निर्णय गर्ने ५२.५ प्रतिशत र ५ प्रतिशत महिलाको कुनैपनि निर्णय वन भूमिका नरहेको पाइयो ।
- पारिवारिक समस्यामा लिइने निर्णयमा छोरा छोरीको विवाह गर्ने निर्णयमा ३९.५ प्रतिशतले निर्णय गर्ने, १५.५ प्रतिशत महिलाले निर्णय नगर्ने र महिला, पुरुष दुवैको सल्लाहवाट निर्णय गर्ने ४५ प्रतिशत रहेको पाइयो भने जग्गा किनबेचमा निर्णय गर्ने २५.५ प्रतिशत ,निर्णय नगर्ने २३ प्रतिशत र दुवैको सल्लाह बाट ५१.५ प्रतिशत रहेको पाइयो । त्यस्तै ऋण लिनेदिने सम्बन्धि निर्णय गर्नेमा २०.५ प्रतिशत, निर्णय नगर्नेमा ४९ प्रतिशत र दुवैको सल्लाह वाट निर्णय गर्ने ३०.५ प्रतिशत रहेको पाइयो । त्यस्तै छोरा छोरी कहाँ पढाउने भन्ने वारेमा निर्णय गर्ने ४१ प्रतिशत, नगर्ने १९.५ प्रतिशत र दुवैको सल्लाहवाट निर्णय गर्ने ३९.५ प्रतिशत रहेको पाइयो ।

- यस अध्ययन क्षेत्रका नमुना छनोटमा परेका महिलाहरुको पारिवारिक स्रोत गत आम्दानी हेर्दा वार्षीक आमदानी कुल रु २१,७३,००,०००/-अर्थात् औषत बार्षिक आमदानी रु १०,८६,५०० /- र बार्षीक खर्च कुल रु १८,२१,००,०००/- अर्थात औषत बार्षिक खर्च रु ९,१०,५००/-रहेको पाइन्छ त्यसै गरी वार्षीक वचत कुल रु ३,५२,००,००० /- अर्थात वार्षिक पारीवारीक वचत रु १,७६,००० रहेको पाइयो ।

## ५.१ निष्कर्ष (**Conclusion**)

झापा जिल्ला कचनकवल गाउँपालिका अन्तरगत रहेका ६ ओटा वडा मध्यये वडा नं. ६ मा रहेका सम्पूर्ण विवाहित महिलाहरुमा महिला सशक्तिकरण तथा त्यसले सामाजिक,आर्थिक तथा शैक्षिक विकासमा पारेको प्रभावको अध्ययन बाट निष्कर्षहरु प्राप्त भएका छन् । यस अध्ययनमा कचनकवल गाउँपालिकामा बसोवास गर्ने १८ देखि ६० वर्ष भित्रका विवाहित महिलाहरु मध्धे २०० जना महिलाहरुको जनसङ्ख्यालाई व्यवस्थित नमूना छनोट विधिको आधारमा नमुना छनोट गरिएको छ ।

- यस अध्ययनको उद्देश्य महिला सशक्तिकरण तथा त्यसले सामाजिक,आर्थिक,तथाा शैक्षिक विकासमा पारेको प्रभावको अध्ययन , निर्णय प्रकृयामा महिलाहरुको सहभागिता पत्ता लगाउन रकचनकवल गाउँपालिकामा महिला सशक्तिकरणका प्रयासहरु वारे विश्लेषण गर्नु रहेको छ ।
- यस अध्यन क्षेत्रका सबै भन्दा वढि जनसङ्ख्या ४१.५ प्रतिशतले कृषि पेशामा संलग्न रहेको बताइयो । भने सबै भन्दा कम जनसङ्ख्या ४ प्रतिशत वैदेशिक रोजगारीमा रहेको बताइयो ।
- यस अध्ययन क्षेत्रमा परेका महिलाहरुमा दाइजो प्रथा अझै पनि संस्कारको रुपमा लिएको पाइयो । दाइजो दिन सकेमा छोरीलाई सजिलै संग घर खान सक्ने कुरामा विश्वास गर्ने ६ प्रतिशत जनसङ्ख्या पाइयो भने दाइजो आफुले लिएपनि दाइजो प्रथा वेठिक हो भन्ने महिलाहरु ९४ प्रतिशतले बताएका छन् ।
- चेतनाको वृद्धि संग संगै छोराछोरीलाइ समान महत्व दिने धारणा राखे पनि यस अध्ययन क्षेत्रमा ३७.५ प्रतिशत महिलाहरुले समाज परिवार वंश सञ्चालनको लागि छोरा नभै नहुने धारण राखेको पाइयो भने २२.५ प्रतिशत

महिलाहरुले छोरीमात्र हुदापनि हुन्छ भन्ने धारणा व्यक्त गरे र ४० प्रतिशत महिलाहरुले छोरा छोरी दुवैको चाहानाको समान महत्व दिएको पाइयो ।

- परिवार नियोजन साधन प्रयोगको सम्वन्धमा महिला आफैले निर्णय गर्ने ४२.५ प्रतिशत, महिला पुरुष दुवैको सललाहमा निर्णय गर्ने ५२.५ प्रतिशत र ५ प्रतिशत महिलाको कुनैपनि निर्णय वन भूमिका नरहेको पाइयो ।
- गर्भपतन सम्वन्धमा महिलाको निर्णयमा १५.५ प्रतिशत महिलाहरु आफैले निर्णय गरेको पाइयो । २२.५ प्रतिशत महिलाको गर्भपतन सम्वन्धि निर्णयमा कुनै भूमिका नरहेको पाइयो । त्यस्तै ६२ प्रतिशत महिला र पुरुष दुवैको सल्लाहमा निर्णय गर्ने गरेको बताएका छन् ।
- आम्दानीको स्रोतहरु अन्तर्गत कृषिबाट ८२ लाख अर्थात् १६.८० प्रतिशत,नोकरी बाट ७१ लख अर्थात १४.६८ प्रतिशत, व्यापार वाट २ करोड अर्थात् ४०.८९ प्रतिशत, ज्याला मजदुरी वाट ४० लाख अर्थात ८.१६ प्रतिशत र वैदेशिक रोजगारी वाट ९५ लाख  अर्थात १९.४२ प्रतिशत घरपरिवारले आम्दानी प्रप्त गरेको पाइयो ।
- महिलाहरुको व्यक्तिगत स्रोत गत बार्षिक आम्दानी कुल रु.४,८९,००,००० अर्थात वार्षिक औषत आम्दानी रु. २,४४,५०० रहेको पाइयो ।
- महिलाहरुको व्यक्तिगत क्षेत्रगत वार्षिक खर्च कुल रु.४,१०,४१,००० अर्थात औषत वार्षिक खर्च रु.२,०५,२०५ रहेको पाइयो ।
- महिलाहरुको व्यक्तिगत वार्षिक वचत कुल रु.७८,५९,००० अर्थात औषत बचत रु.३९,२९५ रहेको पाइयो ।
- महिलाहरुको पारिवारिक स्रोतगत वार्षिक आम्दानी रु.२१,७३,००,००० अर्थात औषत रु. १०,८६,५००रहेको पाइयो ।
- महिलाहरुको पारिवारिक क्षेत्रगत  वार्षिक खर्च रु.१८,२१,००,००० अर्थात रु.९,१०,५०० रहेको पाइयो ।
- महिलाहरुको पारिवारिक क्षेत्रगत  वार्षिक वचत रु ३,५२,००,००० अर्थात १,७६,००० रहेको पाइयो ।

- महिलाहरु सशक्तिकरण सम्वन्धी धारणाको विश्लेषण गर्दै जाँदा महिलाहरुको आर्थिक पक्षको ज्ञान,लैङ्गिक समानताको ज्ञान, सामाजिकीकरणको ज्ञान, सामाजिक समानताको ज्ञानको पनि अध्ययन गरिएको थियो ।

## ५.२ सुझावहरु (Recommendation)

यस अध्ययनको निष्कर्षको आधारमा अध्ययन क्षेत्र झापा जिल्ला कचनकवल गाउँपालिका वडा नं. ६ मा बस्ने महिला सशक्तिकरण तथा त्यसले सामाजिक, आर्थिक तथा शैक्षिक विकासमा कस्तो सुझाव पारेको छ ? त्यसको अध्ययन गरिएको छ । उनिहरुको सामाजिक अवस्थाको अध्ययनगरी विश्लेषणको क्रममा महिलाहरुलाई सामाजिक क्रियाकलाप, आर्थिक क्रियाकलापमा सहभागि गराई उनिहरुको आर्थिक सामाजिक विकासमा प्रभाव पुग्ने देखिन्छ । यस क्षेत्रका महिलाहरुको आर्थिक, सामाजिक,शैक्षिक अवस्था र महिला सशक्तिकरणको स्थितिमा सुधार ल्याउनुको निम्ति निम्न सुझावहरु प्रस्तुत गरिएको छ ।

### ५.२.१ नीतिगत सुझाव (Policy Related Recommendation)

- महिलाहरुले गर्ने घरेलुकामको मूल्याङ्कन गर्ने उपयुक्त पद्धतिको विकास सरकारी स्तरवाट गरिनु अति आवश्यक छ ।
- ग्रामीण समाजमा पिछडिएका महिलाहरुलाई लक्षित गरी सिप मूलक सिलाइ बुनाइ,कृषि तालिम आदि सञ्चालन गरी सरकारले आयआर्जनको कार्यक्रमहरु सञ्चालन गर्नु पर्दछ ।
- सरकारी तथा गैरसरकारी निकायवाट महिला सशक्तिकरण सम्मन्धि विभिन्न चेतनामुलक कार्यक्रमहरु सञ्चालन गरिनुपर्दछ ।
- रोजगारीको संरचनामा विविधिकरण गरी रोजगारको अवसर दिई महिलाहरुको आर्थिक स्थितिलाई मजवुत वनाउनुपर्दछ ।
- महिलाहरुलाई पनि काम गरे बापत पुरुष सरह नै पारिश्रमिक तोकिनु पर्ने उचित व्यवस्था गर्नु पर्दछ ।
- महिलाहरुले गर्ने घरेलु कामको मूल्याङ्कन गर्ने पद्धतिको विकास सरकारी स्तरबाट नै गरिनुपर्दछ ।

- ३७.५ प्रतिशत महिलाहरुले छोरा जन्माउनु अनिवार्य मानेका छन् । उनिहरुको धारणामा परिवर्तन ल्याई महिला शिक्षक, महिला सशक्तिकरणको माध्यम वाट छोराछोरी दुवै समान रहेको धारणा विकास गराउनु पर्ने देखिन्छ ।

### ५.२.२ व्यवहारिक सुझावहरु ( Practice Related Recommendations)

- नमुना छनोटमा परेका महिलाहरुमध्ये ३७.५ प्रतिशत महिलाहरुले बुढेसकालको सहारा वंश अगाढि वढाउनको लागि छोरा नभई नहुने धारणा राखेको पाइयो तर यो धारणामा परिवर्तन ल्याउन अहिलेको समयमा आवश्यक देखिन्छ । यसकोलागि स्थानिय सरोकारवाला र गाउँपालिकाको समन्वयमा लैङ्गिक समानता वा महिला सशक्तिकरणको धारणा विकास गराउन विभिन्न कार्यक्रमहरु सञ्चालन गर्नुपर्ने देखिन्छ ।
- हरेक ठाउँको निर्णयक तहमा महिलाहरुको संलग्नता बढाउनुपर्दछ र घरपरिवारमा पनि महिलाहरुको क्षमातालाई विकसित गराउने वातावरण तयार गरिनुपर्दछ ।
- अध्ययन क्षेत्रमा पारिवारिक निर्णयहरुमा पुरुषको भन्दा महिलाको सहभागिता कम रहेको पाइयो । पारिवारिक निर्णयहरुमा दुवैको समान सहभागिता आवश्यक देखिन्छ । त्यसैले पारिवारिक निर्णयहरुमा महिलाको सहभागिता वढाउनको लागि पितृ सत्तात्मक सोचमा परिवर्तन गरि सामाजिक सचेतनामुखी कार्यक्रमहरु ग्रामिण स्तरमा विस्तार गरिनुपर्दछ ।

### ५.२.३ भावि अनुसन्धानको सुझावहरु (**Further Research Related Recommendation**)

यस अध्ययनसँग आवद्ध भएर महिलाहरु सशक्तिकरणले उनिहरुको आर्थिक,सामाजिक र शैक्षिक क्षेत्रमा पारेको प्रभाव अध्ययन गर्दा आगामी नयाँ अनुसन्धान कर्ताहरुलाई निम्न सहयोग मिल्नेछ ।

- कचनकवल गाउँपालिकाका सम्पूर्ण वडाहरुमा महिला सशक्तिकरणले पारेको प्रभाव अध्ययन गर्न सकिन्छ ।
- पारिवारिक व्यक्तिगत निर्णयमा महिला सशक्तिकरणले पारेको प्रभावको अध्ययन गर्न सकिन्छ ।
- भूमि स्वामित्वले महिला सशक्तिकरणको क्षेत्रमा पारेको प्रभाव अध्ययन गर्न ।

## सन्दर्भ सामग्री


अधिकारी,लिला(२०६२),*महिला सशक्तिकरण एवम् निर्णय प्रकृयामा महिलाहरुको भूमिका,* अप्रकाशित,शोधपत्रः समाजशास्त्र विभाग,काठमाण्डौः पाटन संयुक्त क्याम्पस ।

शर्मा,ममता (२०६९), *महिला अधिकार क्षेत्रका उपलब्धि,* काठमाण्डौः अन्नपूर्ण पोष्ट दैनिक ।

केन्द्रिय तथ्यांक विभाग (२०६९),*जनगणना प्रतिवेदन,* काठमाण्डौःकेन्द्रिय तथ्यांक विभाग ।

कोइराला ,लक्ष्मी कुमार (२०६७),*महिला सशक्तिकरण र सहकारि* काठमाण्डौःराष्ट्रि महिला आयोग ।

राष्ट्रि महिला आयोग (२०६७), *उन्नतिका लागि अवसरमा समान पहूँच,* काठमाण्डौःराष्टिय महिला आयोग ।

नेपाल, सजु (२०६७), *महिला सशक्तिकरण र सहकारि,* काठमाण्डौः राष्ट्रिय महिला आयोग ।

भट्टराई, ज्ञानेश्वर (२०६८), *महिला अधिकृत परिक्षा दिग्दर्शन,* काठमाण्डौःआशिष वुक्स हाउस प्रा.लि.,काठमाण्डौ ।

सुवेदी, खगेन्द्र (२०६९) *मुख्य महिला कार्यकर्ता दिग्दर्शन* , काठमाण्डौःपिनाकल पब्लिकेसन प्रा.लि.,काठमाण्डौ ।

कानून किताव व्यवस्थापन समिति (२०६३),*नेपालको अन्तरिम संविधान २०६३* काठमाण्डौःकानून किताव व्यवस्थापन समिति ।

अर्याल, मधुसुधन (२०७३),*महिलाहरुको आर्थिक तथा गैर आर्थिक कृयाकलापहरुवाट प्राप्त आम्दानिको तुलनात्मक अध्ययन,*अप्रकासित सोध पत्र, कीर्तिपुरःशिक्षाशास्त्र संकाय अर्थशास्त्र विभाग त्रि.वि. ।

अर्याल, सुमित्रा (२०६९),*महिला अधिकारको प्रश्न,* काठमाण्डौः गोरखापत्र दैनिक -फागुन २५,शुक्रवार) ।

पोखेल, गीता (२०६६)*आर्थिक सम्प्रेषण,*काठमाण्डौ :अर्थशास्त्र शिक्षा विद्ययार्थी समाज अर्थशास्त्र शिक्षा विभाग त्रि.वि.कीर्तिपुर नेपाल ।

पौडेल, गिरिराज (२०७१) *सामाजिक न्याय शिक्षा* काठमाण्डौ : जुपिटर

राष्ट्रिय महिला आयोग (२०६६), *महिला अधिकार,*काठमाडौ : राष्ट्रिय महिला आयोग ।

खनाल (२०६६), *महिला अधिकार र सशक्तिकरणको सन्दर्भमा लैङ्गिक सहभागिता,* काठमाण्डौ : राष्ट्रिय महिला आयोग ।

राई,सिता (२०६७),*महिलाहरुको आर्थिक तथा शैक्षिक अवस्था* : इभाग गा.वि.स. ईलाम जिल्ला अप्रकाशित शोधपत्र कीर्तिपुर शिक्षाशास्त्र संकाय अर्थशास्त्र विभाग, त्रि.वि.वि ।

केन्द्रिय तथ्याङ्क विभाग (२०७०),*नेपालको तथ्याङ्कीय झलक,* काठमाण्डौः केन्द्रिय तथ्याङ्कीय विभाग ।

रेग्मी, अनिता (२०७३) ,*महिला सशक्तिकरणले उनिहरुको साकाजिक, आर्थिक र शैक्षिक विकासमा पारेको प्रभाव* : चकचकी गा. वि. स., झापा, अप्रकाशित शोधपत्र, कीर्तिपुरः शिक्षाशास्त्र संकाय अर्थशास्त्र विभाग त्रि.वि. ।

नेपालको संबिधान २०७२

Kershberg S (1992). Transforming Power, Domination Empowernment and education. New York, State University.

UNDP (2005). विकासका पूर्वधारहरुमा महिलाको सहभागिता UN Buletin.

## अनुसूचि १

१. परिचयः

उत्तरदाताको नाम : मितिः

उमेरः जिल्लाः

जातः गा.पा.

धर्मः वडा नं.

लिङ्गः नगर टोलः

वैवाहित स्थितिः शिक्षाः

पेशाः

२. पारिवाकि विवरण दिनुहोस् ।

| क.सं. | नाम | लिङ्ग | उमेर | शिक्षा | पेशा |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| ५ | | | | | |

३. तपाइको मूख्य आम्दानिको स्रोत के हो ?

क. नोकरी ख. कृषि ग. व्यपार घ. अन्य

४. तपाइको छोरा छोरी कतिजना छन् ?

क . छोरी..... ख. छोरा..... ग. जम्मा....

५. तपाई छोरा र छोरी मध्ये कसलाइ वढि माया गर्नु हुन्छ ?

क. छोरा	ख. छोरी

६. तपाइको विचारमा विवाह कति वर्षमा गर्नु ठिक हो ?

क. १५ वर्ष अगाडि	ख. १५ देखि १८	ग. १८ देखि २०	घ. २२ वर्ष पछि

७. तपाइको परिवारमा आर्थिक कारोवार कस्ले सञ्चालन गर्छ ?

..........................................................................

८. तपाइको घरमा घर जग्गा कस्को नाममा छ ?

..............................................................

९. तपाइलाई दाइजो प्रथा कस्तो लाग्छ ?

क. ठिक	ख. वेठिक	ग. थाहा छैन

१०. घरको कुनै निर्णय प्रकृयामा तपाइको सहभागिता हुन्छ कि हुदैन ?

क. हुन्छ	ख.हुदैन	ग.आंशिक रुपमा हुन्छ

११.तपाइ घरको काम बाहे अन्य के काम गर्नु हुन्छ ?

क. गर्छु के काम......... ख. गर्दिन किन..........

१२. तपाइलाइ महिला सशक्तिकरण वारे के थाहा छ ?

.................................................

१३. तपाइले हाल महिलाको अवस्था कस्तो देख्नु भएको छ ?

.........................................................

१४.तपाई कुनै महिला समूह , सहकारी ऋण तथा बचत समूहको सदस्य हुनुहुन्छ ?

क. छु	ख. छैन

१५. हाल सम्म तपाइले सीपमूलक तालिम लिनु भएको छ ?

क. छु     ख. छैन

१६.महिला सशक्तिकरण सम्वन्धि सरकारले गरेको व्यवस्था बारेमा केहि थाहा छ ?

क. थाहा छ     ख. थाहा छैन     ग. अलि अलि थाहा छ

१७. तपाइको विचारमा महिला सशक्तिकरणमा सुधार गर्न के गर्नु पर्ला ?

.............................................................

१८. तपाइलाइ परिवार नियोजन सम्वन्धी जानकारि छ?

क. छ     ख. छैन

१९. तपाइ विरामि हुदा पहिला कहाँ जानु हुन्छ ?

क. डाक्टरकोमा     ख. वैधकोमा     ग. अन्य

२०. महिला र पुरुष बिचको भेदभाव अन्त्य गर्न तपाईको विचारमा के छ ?

.......................................................................................

२१.तपाइको विचारमा छोरीले पनि पढ्नु आवश्यक छ जस्तो लाग्छ या लाग्दैन ?

क. आअवश्यक छ     ख. आवश्यक छैन

२२. तपाइको विवाह कति बर्षमा भयो ?

.............................................................

२३.तपाईको परिवारको आम्दानि कति हुन्छ ?

| क.स. | शिर्षक | आय (रु.) मा |
|---|---|---|
| १. | कृषि बाट | |
| २. | नोकरि बाट | |
| ३. | व्यापार बाट | |

| | | |
|---|---|---|
| ४. | वैदेशिक रोजगार | |
| ५. | अन्य | |

२४. तपाईको घरमा निम्न निर्णयहरु कसले गर्दछ ?

| क.स | निर्णय सम्वन्धि विवरण | निर्णय गर्ने | निर्णय नगर्ने | दुवैको सल्लाहवाट निर्णय गर्ने | कैफियत |
|---|---|---|---|---|---|
| १ | जग्गा किनवेच गर्ने | | | | |
| २ | छोराछोरी कहाँ पढाउने | | | | |
| ३ | ऋण लिने दिने | | | | |
| ४ | छोराछोरीको विवाह गर्ने | | | | |

२५. महिलाहरु सामाजिक कार्यमा लाग्दा कस्ता किसिमका समस्याहरु भोगनुपर्छ होला ?

............................................................................

२६. तपाईले निम्न शिर्षकमा वार्षिक कति खर्च हुन्छ ?

| क्र.स. | विवरण | खर्च रु. मा |
|---|---|---|
| १. | उपभोगमा | |
| २. | शिक्षमा | |
| ३. | स्वास्थ्यमा | |
| ४. | चाडपर्व | |
| ५. | अन्य | |

२७. कति उमेरमा विवाह गर्दा उपयुक्त हुन्छ होला ?

२८. तपाईलाई घरको काममा छोरा वा छोरी कस्ले सहयोग गर्छ ?

२९. तपाई रजस्वला हुँदा छुट्टै वस्नु हुन्छ ?

३०. महिला सशक्तिकरणले आर्थिक विकासमा कस्तो सहयोग पुर्याउला ?

३१. तपाइको नगद आम्दानी हुने कुनै पेशा गर्नु हुन्छ?